# खण्ड (ख) विषयगत पाठ्यक्रमकहरू

## आधारभूत शिक्षा (कक्षा ६–८) पाठ्यक्रम

### नेपाली

#### १. परिचय

नेपाली भाषा विद्यालय तहको शिक्षणको माध्यम, सरकारी कामकाज र नेपाली समाजको साझा सम्पर्कको भाषा हो । यस दृष्टिले नेपाली भाषाको प्रयोगमा व्यापकता रहेको छ । प्रारम्भिक कक्षादेखि अनिवार्य विषयका रूपमा पठनपाठन हुने नेपाली विषयका विषयवस्तु भाषिक सिप, प्रकार्य र अभिव्यक्तिमा आधारित छन् । प्रकार्य र अभिव्यक्तिमा आधारित भई परिवर्तित सन्दर्भ, सामाजिक मूल्यमान्यता तथा भाषिक सिपका कार्यमूलक प्रयोगलाई समेत समेटी यो पाठ्यक्रम निर्माण गरिएको छ । यसमा बालबालिकालाई सिकाइप्रति उत्प्रेरित गराउन आवश्यक पर्ने ज्ञान, सिप र अभिवृत्तिगत सक्षमता, सिकाइ उपलब्धि, सिकाइ सहजीकरण क्रियाकलाप र मूल्याङ्कन प्रक्रियालाई विस्तारित रूपमा प्रस्तुत गरिएको छ ।

यो पाठ्यक्रम विकास गर्दा दैनिक जीवनमा भाषा प्रयोगलाई सजिलो पार्ने र माथिल्लो तहको शिक्षा आर्जन गर्न आवश्यक पर्ने भाषिक क्षमता विकास गर्ने पक्षलाई जोड दिइएको छ । यसमा भाषिक सिप एवम् सक्षमता विकासका लागि मौखिक अन्तरक्रिया, धारणा निर्माण र प्रस्तुति, सुनाइ र अभिव्यक्ति, सुनाइको तथ्य, प्रतिक्रिया, सञ्चार, संस्कृति, अनुभूति, घटना, कल्पनासँगको सम्बन्ध एवम् दृष्टिकोण निर्माणमा जोड दिइएको छ । यसका साथै पठन र बोध, लेखन अभ्यास, शब्दभण्डारको ज्ञान तथा प्रयोग र कार्यमूलक व्याकरणको पहिचान र प्रयोगलाई समेत भाषा सिकाइका अङ्गका रूपमा समावेश गरिएको छ । सिकाइ उपलब्धिलाई सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिपका आधारमा विस्तृतीकरण गरी भाषिक सिपगत पाठ्यभार, सिकाइ सजीकरणका सम्भावित कार्यकलाप र विद्यार्थी मूल्याङ्कनका प्रक्रिया निर्देश गर्दै व्यवहारकुशल सिपलाई समेत समायोजन गरिएको छ ।

नेपाली विषयको मुख्य प्रयोजन भाषिक सिप र सिर्जनात्मक क्षमताको विकास गर्नु हो । सुनाइ र बोलाइ सिप विकासका लागि यसमा मौखिक अन्तरक्रिया, धारणा निर्माण र प्रस्तुति, सुनाइ र अभिव्यक्ति, सुनाइको तथ्य, प्रतिक्रिया, सञ्चार, संस्कृति, अनुभूति, घटना, कल्पनासँगको सम्बन्ध एवम् दृष्टिकोण निर्माणमा जोड दिइएको छ । पठन र बोध, लेखन अभ्यास, शब्दभण्डारको ज्ञान तथा प्रयोग र कार्यमूलक व्याकरणको पहिचान र प्रयोगलाई समेत भाषा सिकाइका अङ्गका रूपमा समावेश गरिएको छ । यसले भाषिक सिपको विकास, भाषाको शुद्ध प्रयोग र स्तरीय अभिव्यक्ति शिल्प र व्यवहारकुशल सिप विकासमा जोड दिएको छ । यस विषयको पाठ्यक्रम विकास गर्दा सम्बद्ध सरोकारवाला, विषयविज्ञ, अभिभावक र विद्यार्थीका रायसुझावलाई आत्मसात् गरिएको छ । विषयवस्तुको समायोजन गर्दा नेपाली भाषासाहित्यका मूलभूत मूल्यमान्यतालाई ध्यान दिई पाठ्यक्रमलाई सरल, प्रायोगिक, समयसापेक्ष र स्तरीय बनाइएको छ । यस पाठ्यक्रममा ५० प्रतिशत भाषिक सिपगत निर्माणात्मक सिकाइ र ५० प्रतिशत भाषिक सिपगत निर्णयात्मक सिकाइ हुने गरी

विषयवस्तुलाई व्यवस्थित गरिएको छ । यसबाट विद्यार्थीमा सञ्चार र अभिव्यक्तिका क्रममा भाषाको शुद्ध प्रयोग गर्ने सिप, बोध एवम् सिर्जनात्मक क्षमताको विकास हुने अपेक्षा गरिएको छ ।

**२. तहगत सक्षमता**

आधारभूत तह (६-८)को अध्ययनपश्चात् विद्यार्थीमा नेपाली भाषाका निम्नलिखित सक्षमता हासिल हुने छन् :

१. शब्दको अक्षर संरचना पहिचान र शुद्ध उच्चारण
२. सांस्कृतिक तथा सामाजिक विशेषताअनुरूप शिष्ट भाषाको प्रयोग र अभिव्यक्ति
३. सूचनामूलक सामग्री तथा विषयवस्तुका आधारमा स्वाभाविक प्रतिक्रिया
४. सञ्चार सिप र भाषिक सिकाइका लागि विविध ढाँचा र शैलीको प्रयोग
५. भाषिक अभिव्यक्तिका क्रममा विश्लेषणात्मक प्रतिक्रियासहितको विचार प्रस्तुति
६. खोज र सिकाइबिचको सम्बन्ध स्थापना गरी विषयवस्तु विश्लेषण र मूल्याङ्कन
७. रचनात्मक सिकाइ तथा प्रत्यक्ष सम्पर्कबाट विचार निर्माण र भाषिक समस्या समाधान
८. उद्देश्य र आशय बोधका लागि सामग्री पठन र प्रकार्यगत भाषाको प्रयोग
९. भाषिक कार्य सम्पादनमा सिर्जनात्मक र समालोचनात्मक चिन्तन सिपको उपयोग
१०. प्रयोजन र परिवेशअनुसारको भाषिक प्रयोग

**३.(क) कक्षागत सिकाइ उपलब्धि (कक्षा ६)**

**सुनाइ र बोलाइ**

| **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धिको विस्तृतीकरण** |
|---|---|
| १. अरूले भनेका, देखेका, सुनेका वा अनुभव गरेका विषयमा कुराकानी, छलफल र प्रश्नोत्तर गर्न | १.१ अरूले भनेका कुरा ध्यानपूर्वक सुन्न<br>१.२ अरूले भनेका कुरामा प्रतिक्रिया जनाउन<br>१.३ देखेका, सुनेका वा अनुभव गरेका विषयवस्तुको मौखिक वर्णन गर्न<br>१.४ विषयवस्तुमा आधारित भई कुराकानी तथा छलफल गर्न<br>१.५ विषयवस्तु सुनेका आधारमा धारणा निर्माण गरी प्रश्नोत्तर गर्न |
| २. सन्दर्भ र परिवेशअनुरूप मौखिक सञ्चार गर्न | २.१ शिष्टाचारका शब्द प्रयोग गरी मौखिक अभिव्यक्ति दिन<br>२.२ सन्दर्भ र परिवेशअनुरूप आफ्नो विचार प्रस्तुत गर्न<br>२.३ सन्दर्भ र परिवेश ख्याल गरी दोहोरो सञ्चार गर्न |
| ३. पाठगत सन्दर्भमा आधारित छलफल र अन्तरक्रिया गर्न | ३.१ कुनै पनि विषयवस्तु वा घटनालाई रुचिपूर्वक सुन्न<br>३.२ विषयवस्तु वा घटनाको पूर्वानुमान र पश्चानुमान गर्न<br>३.३ पाठगत विषयवस्तुमा आधारित भई छलफल तथा अन्तरक्रिया गर्न |

| | |
|---|---|
| | ३.४ विषयवस्तु, घटना र पात्रको पहिचान गर्न<br>३.५ विषयवस्तु वा घटनामा संलग्न पात्रहरूको चरित्र वर्णन गर्न<br>३.६ विषयवस्तुमा आधारित भई मौखिक प्रश्न निर्माण गर्न |
| ४. सञ्चारका विभिन्न माध्यमबाट विषयवस्तु सुनी प्रतिक्रिया जनाउन | ४.१ सञ्चारका विभिन्न माध्यमबाट प्रस्तुत विचारहरू ध्यानपूर्वक सुन्न<br>४.२ सञ्चार माध्यमबाट प्रस्तुत विषयवस्तुमा आधारित भई प्रतिक्रिया जनाउन<br>४.३ सञ्चारका विभिन्न साधनहरूको प्रयोग गरी विचार प्रस्तुत गर्न |
| ५. विषयवस्तु सुनी त्यसको शैली, सन्देश र सार बताउन | ५.१ विभिन्न विषयका बारेमा गरिने व्याख्या ध्यानपूर्वक सुन्न<br>५.२ विषयवस्तु व्याख्याको शैली अनुकरण गरी विचार व्यक्त गर्न<br>५.३ विषयमा आधारित भई संवेगात्मक प्रतिक्रिया दिन<br>५.४ विभिन्न विषयवस्तु र घटनाको सन्देश ग्रहण गर्न<br>५.५ विषयवस्तु र घटनाको सार प्रस्तुत गर्न |
| ६. सामाजिक, सांस्कृतिक परिवेशको जानकारी लिनदिन र<br>सान्दर्भिक प्रतिक्रिया जनाउन | ६.१ समाजमा प्रचलित भाषा, संस्कृति र रीतिरिवाजबारे बताउन<br>६.२ सामाजिक सांस्कृतिक विषय र परिवेश पहिचान गरी वर्णन गर्न<br>६.३ विषयवस्तु र परिवेशअनुरूप सान्दर्भिक प्रतिक्रिया जनाउन |
| ७. कल्पना वा यथार्थमा आधारित भई व्यक्ति र विषयवस्तुको वर्णन गर्न | ७.१ कुनै विषय वा घटना सुनेर वर्णन गर्न<br>७.२ कल्पना वा यथार्थमा आधारित भई विषयवस्तु वा घटनाको विस्तार गर्न<br>७.३ परिचित व्यक्तिहरूको परिचय र योगदान बताउन<br>७.४ काल्पनिक व्यक्तिवृत्त प्रस्तुत गर्न |

**पढाइ**

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| १. लिखित सामग्रीलाई गति, यति र लय मिलाई पढ्न | १.१ पद्य पाठलाई गति, यति र लय मिलाई वाचन गर्न<br>१.२ गद्य पाठलाई गति, यति र हाउभाउसहित वाचन गर्न<br>१.३ पाठमा प्रयुक्त शब्दहरू शुद्ध उच्चारण गरी पढ्न |
| २.सस्वरपठन र मौनपठन गरी भावबोध गर्न | २.१ समयको ख्याल गरी सस्वरपठन गर्न<br>२.२ सस्वरपठनको गति वृद्धि गर्न<br>२.३ पाठको मौनपठन गर्न<br>२.४ पाठमा निहित विषयवस्तुको बोध गर्ने गरी पढ्न |

| | |
|---|---|
| | २.५ मौनवाचन गरिएका विषयवस्तुका बारेमा प्रश्नोत्तर गर्न<br>२.६ पाठमा निहित भाव विश्लेषण गर्ने गरी पढ्न |
| ३. लिखित सामग्रीको पठनबोध गरी मौखिक प्रश्नोत्तर गर्न | ३.१ लेख्य सामग्री पढी विषयवस्तु पहिचान गर्न<br>३.२ लेख्य पाठमा रहेका पात्र, पाठगत संरचना, घटना र घटनाक्रम पहिचान गर्न<br>३.३ निर्धारित पाठमा आधारित भई प्रश्नोत्तर गर्न<br>३.४ लिखित सामग्री पढी भाव ग्रहण गर्न |
| ४. व्यावहारिक रचनाको विषयवस्तु र ढाँचा बोध गर्न | ४.१ चिठी, विज्ञापन, निमन्त्रणा जस्ता व्यावहारिक रचना रुचिपूर्वक पढ्न<br>४.२ व्यावहारिक रचनाको ढाँचा र संरचना बोध गर्ने गरी पढ्न<br>४.३ निर्धारित पाठका विषयवस्तु बोध गर्ने गरी पढ्न |
| ५. मुद्रित एवम् विद्युतीय सूचनामूलक सामग्री पढी विषयवस्तु बोध गर्न | ५.१ चित्र हेरी वर्णन गर्न<br>५.२ मुद्रित तथा विद्युतीय सामग्री रुचिपूर्वक पढ्न<br>५.३ मुद्रित तथा विद्युतीय सामग्री पढेर विषयवस्तु तथा सूचनाका बारेमा प्रश्नोत्तर गर्न<br>५.४ मुद्रित तथा विद्युतीय सामग्रीमा प्रस्तुत विषयवस्तु आवश्यकतानुसार उपयोग गर्ने गरी पढ्न |
| ६. विभिन्न प्रकारका पाठहरूको संरचना र सन्देश बोध गर्न | ६.१ पाठ पढी पाठको संरचना पहिचान गर्न<br>६.२ पाठ पढी पाठगत परिवेश पहिचान गर्न<br>६.३ पाठ पढी पाठगत सन्दर्भ पहिचान गर्न<br>६.४ पाठको सन्देश बोध गर्ने गरी पढ्न |

**लेखाइ**

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| १. निर्दिष्ट पाठ वा अनुच्छेदको अनुलेखन र श्रुतिलेखन गर्न | १.१ निर्दिष्ट पाठ वा अनुच्छेदको अनुलेखन गर्न<br>१.२ निर्दिष्ट पाठ वा अनुच्छेदको श्रुतिलेखन गर्न |
| २. पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न, शब्दको बनोट पहिचान गर्न र वाक्यमा प्रयोग गर्न | २.१ पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न<br>२.२ पाठमा प्रयुक्त शब्दको बनोट पहिचान गर्न<br>२.३ नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>२.४ पर्यायवाची, विपरीतार्थी, श्रुतिसमभिन्नार्थी, अनुकरणात्मक, समावेशक, समावेश्य लघुतावाची, समूहवाचक र पारिभाषिक शब्द तथा उखान र टुक्काको समुचित प्रयोग गर्न |

| | |
|---|---|
| ३. आफूले सुनेका, देखेका र अनुभव गरेका घटना वा वस्तुको लिखित वर्णन गर्न | ३.१ आफूले सुनेका, देखेका र अनुभव गरेका घटना वा वस्तुको लिखित वर्णन गर्न<br>३.२ विभिन्न चित्र र सङ्केतको वर्णन गर्न |
| ४. सम्बन्धित पाठमा आधारित प्रश्नको उत्तर लेख्न | ४.१ सम्बन्धित पाठमा आधारित प्रश्नको उत्तर लेख्न<br>४.२ सम्बन्धित पाठका घटनाहरूलाई सिलसिला मिलाई लेख्न<br>४.३ पाठमा प्रयुक्त पात्रहरूको सूची तयार पारी चरित्र वर्णन गर्न<br>४.४ सम्बन्धित पाठको सार र सन्देश लेख्न |
| ५. विभिन्न पद्य पाठ वा रचनालाई गद्यमा रूपान्तरण गर्न | ५.१ निर्दिष्ट पद्य विधाका पाठ वा श्लोकलाई गद्यमा रूपान्तरण गरी लेख्न<br>५.२ पद्य विधाका पाठहरूलाई गद्य ढाँचामा परिवर्तन गर्न |
| ६. निर्धारित लेख्य चिह्न र वर्णविन्यासको समुचित प्रयोग गर्न | ६.१ अल्पविराम, पूर्णविराम, प्रश्नवाचक र उद्गार चिह्नको समुचित प्रयोग गरी वाक्य रचना गर्न<br>६.२ निर्धारित वर्णविन्यासको उपयुक्त प्रयोग गर्न<br>६.३ पदयोग र पदवियोगको समुचित प्रयोग गर्न |
| ७. भाषातत्त्वको समुचित प्रयोगसहित सङ्गति मिलाई पाठ रचना गर्न | ७.१ लिङ्ग, वचन, पुरुष र आदर सङ्गति मिले नमिलेको पहिचान गरी वाक्य तथा पाठको रचना गर्न<br>७.२ शब्दवर्गअन्तर्गतका नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, नामयोगी, निपात, संयोजक र विस्मयादिबोधकको उपयुक्त प्रयोग गर्न<br>७.३ काल, पक्ष, करण र अकरणका आधारमा वाक्य तथा पाठको रचना गर्न<br>७.४ सामान्यार्थ, सम्भावनार्थ र आज्ञार्थका क्रियापद प्रयोग गरी वाक्य तथा पाठको रचना गर्न<br>७.५ सङ्केतका आधारमा वाक्य परिवर्तन गर्न<br>७.६ कारक र विभक्तिको पहिचान र प्रयोग गर्न |
| ८. विभिन्न विषयमा आधारित भई स्वतन्त्र तथा निर्देशित रचना तयार गर्न | ८.१ विभिन्न विषयमा आधारित भई निर्देशित रचना तयार गर्न<br>८.२ विभिन्न विषयमा आधारित भई स्वतन्त्र रचना तयार गर्न<br>८.३ स्वतन्त्र रूपमा परिचित व्यक्तिको व्यक्तिवृत्त तयार पार्न |
| ९. पाठ पढी विषयवस्तुको भाव प्रस्तुत गर्न | ९.१ सम्बन्धित पाठको भावलाई बुँदामा प्रस्तुत गर्न<br>९.२ पाठको सन्देश वा भावलाई आरेखमा देखाउन<br>९.३ सम्बन्धित पाठको सार लेख्न<br>९.४ अपूर्ण अनुच्छेद, कविता, कथा र संवादलाई पूरा गर्न |

| | |
|---|---|
| १०. दैनिक जीवनमा आधारित भई व्यावहारिक लेखन गर्न | १०.१ व्यावहारिक लेखनअन्तर्गतका चिठी, निवेदन, शुभकामना, निमन्त्रण तयार पार्न<br>१०.२ इमेल म्यासेजको प्रयोग गरी सन्देश प्रवाह गर्न |

(ख) **कक्षागत सिकाइ उपलब्धि (कक्षा ७ )**

**सुनाइ र बोलाइ**

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| १. विभिन्न विषयको वर्णन सुनी प्रतिक्रिया जनाउन | १.१ देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुको मौखिक वर्णन गर्न<br>१.२ अरूले भनेका कुरा ध्यानपूर्वक सुनी प्रतिक्रिया दिन<br>१.३ कुनै पनि विषयको श्रुतिवर्णन, श्रुतिविवेचना गर्न<br>१.४ विषयवस्तुका आधारमा धारणा निर्माण गरी प्रश्नोत्तर गर्न |
| २. सन्दर्भ र परिवेशअनुरूप मौखिक सञ्चार गर्न | २.१ सन्दर्भ र परिवेशअनुरूप मौखिक अभिव्यक्ति दिन<br>२.२ अरूले व्यक्त गरेका विषयवस्तु ध्यानपूर्वक सुनी प्रतिक्रिया दिन<br>२.३ सन्दर्भ, परिवेशअनुरूप शिष्टाचारका शब्द प्रयोग गरी दोहोरो सञ्चार गर्न |
| ३. पाठगत सन्दर्भमा आधारित छलफल र अन्तरक्रिया गर्न | ३.१ विषयवस्तु वा घटनाको पूर्वानुमान र पश्चानुमान गर्न<br>३.२ पाठगत सन्दर्भमा आधारित भई प्रश्नोत्तर गर्न<br>३.३ विषयवस्तु वा घटनालाई सारमा व्यक्त गर्न<br>३.४ विषयवस्तु वा घटनामा आधारित भई पात्रको वर्णन तथा तुलना गर्न<br>३.५ पाठगत विषयवस्तुमा आधारित भई छलफल र अन्तरक्रिया गर्न |
| ४. सञ्चारका विभिन्न माध्यमबाट व्यक्त विषयवस्तु सुनी प्रतिक्रिया जनाउन | ४.१ रेडियो, टेलिभिजन तथा अन्य सञ्चार माध्यममा प्रस्तुत विषयवस्तु सुनी प्रतिक्रिया दिन<br>४.२ विभिन्न सञ्चार माध्यमहरूमा आफ्ना विचार प्रस्तुत गर्न सक्ने गरी बोल्न |
| ५. विभिन्न प्रकारका अभिव्यक्तिको संरचना तथा शैली अनुकरण गर्न | ५.१ अभिव्यक्तिको संरचना र शैली पहिचान गर्न<br>५.२ विषयवस्तुको शैली अनुकरण गरी विचार प्रस्तुत गर्न |
| ६. विभिन्न विषयमा गरिने संवाद तथा वादविवादमा सहभागी भई तार्किक प्रस्तुति दिन | ६.१ संवाद तथा वादविवादमा सक्रियतापूर्वक सहभागिता जनाउन<br>६.२ संवाद तथा वादविवादको शैली र संरचना अनुकरण गरी तर्क प्रस्तुत गर्न |

| | |
|---|---|
| ७. सामाजिक, सांस्कृतिक परिवेशअनुसार सान्दर्भिक प्रतिक्रिया जनाउन | ७.१ सामाजिक सांस्कृतिक परिवेशअनुसार भाषिक प्रतिक्रिया दिन<br>७.२ समाजमा प्रचलित भाषा, संस्कृति, रीतिरिवाजबारे बताउन<br>७.३ भाषिक भिन्नताको बोध गरी उपयुक्त भाषाको प्रयोग गर्न |
| ८. कल्पना वा यथार्थमा आधारित भई निर्दिष्ट विषयवस्तुको वर्णन गर्न | ८.१ कुनै विषय वा घटना सुनेर सन्दर्भ वा विषयवस्तुको वर्णन गर्न<br>८.२ तोकिएका विषयका बारेमा मौखिक सिर्जना गर्न |

**पढाइ**

| सिकाइ उपलब्धि | सिकाइ उपलब्धिको विस्तृतीकरण |
|---|---|
| १. लिखित सामग्रीलाई गति, यति र लय मिलाई वाचन गर्न | १.१ पद्य पाठलाई गति, यति, लय मिलाई वाचन गर्न<br>१.२ गद्य पाठलाई गति, यति र हाउभाउसहित वाचन गर्न |
| २. निर्धारित समयमा पाठ पढी पठन गति वृद्धि गर्न | २.१ निर्धारित समयभित्र पाठको सस्वर पठन गर्न<br>२.२ गति वृद्धि गर्ने गरी पाठको सस्वर पठन गर्न |
| ३. पाठ पढी प्रश्नोत्तर गर्न | ३.१ पाठ पढी पाठको संरचना, विषयवस्तु र भाव बोध गर्न<br>३.२ पाठलाई युग्म र समूहमा पठन गर्न<br>३.३ पाठमा रहेका पात्र वा घटनाको पहिचान गर्न<br>३.४ पाठमा निहित सन्देश ग्रहण गर्न<br>३.५ प्रश्नोत्तर गर्न सक्ने गरी निर्धारित पाठ पढ्न<br>३.६ पाठ पढी प्रश्न निर्माण गर्न |
| ४. पाठ पढी शब्दभण्डार वृद्धि गर्न | ४.१ पाठका प्रयुक्त नयाँ शब्द पहिचान गर्न<br>४.२ पाठमा प्रयुक्त शब्दहरू शुद्ध उच्चारण गर्न<br>४.३ पाठका प्रयुक्त नयाँ शब्दको अर्थबोध गरी वाक्यमा प्रयोग गर्न<br>४.४ विभिन्न पाठ्यसामग्री पढी शब्दभण्डार वृद्धि गर्न |
| ५. मुद्रित एवम् विद्युतीय सामग्री रुचिपूर्वक पढ्न | ५.१ मुद्रित तथा विद्युतीय सामग्री बोध गर्ने गरी पढ्न<br>५.२ मुद्रित तथा विद्युतीय सामग्रीमा निहित मुख्य भाव पहिचान गर्ने गरी पढ्न<br>५.३.मुद्रित तथा विद्युतीय सामग्री मनोरञ्जन लिने गरी पढ्न |
| ६. विषयवस्तुको व्याख्या र विश्लेषण गर्ने गरी पढ्न | ६.१ पाठ्यसामग्रीको गहन अध्ययन गरी विषयवस्तुको सार खिच्न<br>६.२ विभिन्न प्रकारका पाठ पढी सन्देश बोध गर्न |

| | |
|---|---|
| | ६.३ पाठ्यसामग्री पढी विषयवस्तुको व्याख्या र विश्लेषण गर्न |
| ७. व्यावहारिक लेखनका स्वरूप, विषयवस्तु र ढाँचा पहिल्याउने गरी पढ्न | ७.१ व्यावहारिक लेखनको ढाँचा र स्वरूप पहिचान गर्ने गरी पढ्न<br>७.२ चिठी, विज्ञापन, निमन्त्रणा, शुभकामना जस्ता व्यावहारिक रचना रुचिपूर्वक पढ्न |

**लेखाइ**

| **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धिको विस्तृतीकरण** |
|---|---|
| १. निर्दिष्ट पाठ वा अनुच्छेदको अनुलेखन र श्रुतिलेखन गर्न | १.१ निर्दिष्ट पाठ वा अनुच्छेदको अनुलेखन गर्न<br>१.२ शब्द, वाक्य र अनुच्छेदको श्रुतिलेखन गर्न |
| २. पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न, शब्दको बनोट पहिचान गर्न र वाक्यमा प्रयोग गर्न | २.१ पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न<br>२.२ पाठमा प्रयुक्त शब्दको बनोट पहिचान गर्न<br>२.३ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न<br>२.४ पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, श्रुतिसमभिन्नार्थी, अनुकरणात्मक, समावेशक, समावेश्य, लघुतावाची, समूहवाचक, प्राविधिक/पारिभाषिक शब्द तथा उखान र टुक्काको समुचित प्रयोग गर्न |
| ३. सुनेका, देखेका र अनुभव गरेका घटना, परिवेश र विषयवस्तुको लिखित वर्णन गर्न | ३.१ सुनेका, देखेका र अनुभव गरेका घटना, परिवेश र विषयवस्तुको टिपोट गर्न<br>३.२ सुनेका, देखेका वा अनुभव गरेका घटना वा विषयवस्तुका आधारमा लिखित वर्णन गर्न<br>३.३ स्वअनुभवमा आधारित भई घटना वा विषयको काल्पनिक वर्णन गर्न |
| ४. विभिन्न पद्य पाठ वा रचनालाई गद्यमा रूपान्तर गर्न | ४.१ निर्दिष्ट पद्य विधाका पाठ वा श्लोकलाई गद्यमा रूपान्तर गर्न<br>४.२ पद्य विधाका पाठ पढी गद्य ढाँचामा परिवर्तन गरी लेख्न |
| ५. पाठको विधागत स्वरूप पहिचान गरी प्रश्नोत्तर गर्न | ५.१ पाठमा आधारित प्रश्नको उत्तर लेख्न<br>५.२ सम्बन्धित पाठका घटनालाई सिलसिला मिलाई लेख्न<br>५.३ पाठमा प्रयुक्त पात्रको चरित्र वर्णन गर्न<br>५.४ सम्बन्धित पाठको सार लेख्न<br>५.५ पाठ पढी पाठको समीक्षा गरी लेख्न |
| ६. वर्णविन्यास, निर्धारित लेख्य चिह्न र सङ्गति मिलाई वाक्य रचना गर्न | ६.१ पूर्णविराम, प्रश्नवाचक, अल्पविराम, उद्गार, योजक र कोष्ठक चिह्नको पहिचान गरी वाक्य वा अनुच्छेदमा प्रयोग गर्न<br>६.२ लिङ्ग, वचन, पुरुष र आदर सङ्गति मिलाई वाक्य वा अनुच्छेद |

| | |
|---|---|
| | रचना गर्न<br>६.३ निर्धारित वर्णविन्यासको उपयुक्त प्रयोग गर्न<br>६.४ पदयोग र पदवियोगको समुचित प्रयोग गर्न |
| ७. भाषिक संरचनाको बोध गरी लेख्न | ७.१ पाठमा प्रयुक्त शब्दवर्गको पहिचान गर्न<br>७.२ अनुच्छेदमा प्रयोग गरिएका काल, भाव, करण अकरण, वाक्य र वाच्यको पहिचान गर्न<br>७.३ काल, पक्ष, भावका आधारमा निर्दिष्ट विषयको वर्णन गर्न<br>७.४ सङ्केतका आधारमा वाक्यान्तरण गर्न |
| ८.विषयवस्तुको भाव विस्तार तथा विश्लेषण गर्न | ८.१ पाठको सन्देश वा भावलाई प्रस्तुत गर्न<br>८.२ पाठका निर्दिष्ट उद्धरणको भाव विस्तार गर्न<br>८.३ पाठमा निहित विषयवस्तुको विश्लेषण गर्न |
| ९.व्यावहारिक लेखन गर्न | ९.१ व्यावहारिक लेखनअन्तर्गतका चिठी, निवेदन, शुभकामना, निमन्त्रणा तयार गर्न<br>९.२ इमेल म्यासेजको प्रयोग गरी सन्देश प्रवाह गर्न |
| १०.विषयवस्तुमा आधारित भई निर्देशित तथा स्वतन्त्र लेखन गर्न | १०.१ विषयवस्तुमा आधारित भई निर्देशित लेखन गर्न<br>१०.२ चित्रका आधारमा निर्देशित लेखन गर्न<br>१०.३ विषयवस्तुमा आधारित भई स्वतन्त्र रचना गर्न |

(ग) **कक्षागत सिकाइ उपलब्धि (कक्षा ८)**

### सुनाइ र बोलाइ

| **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धिको विस्तृतीकरण** |
|---|---|
| १. विभिन्न विषयको वर्णन सुनी छलफल तथा अन्तरक्रिया गर्न | १.१ देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुको मौखिक वर्णन गर्न<br>१.२ अरूले भनेका कुरा ध्यानपूर्वक सुनी प्रतिक्रिया दिन<br>१.३ देखेका, सुनेका र अनुभव गरेका विषयवस्तुमा सिलसिलाबद्ध रूपमा विचार प्रस्तुत गर्न<br>१.४ विषयको श्रुतिवर्णन र श्रुतिविवेचना गर्न<br>१.५ विषयवस्तुका आधारमा धारणा निर्माण गरी प्रश्नोत्तर गर्न |
| २. सन्दर्भ र परिवेशअनुरूप मौखिक सञ्चार गर्न | २.१ सन्दर्भ र परिवेशअनुरूप मौखिक अभिव्यक्ति दिन<br>२.२ अरूले व्यक्त गरेका विषयवस्तु ध्यानपूर्वक सुनी प्रतिक्रिया दिन<br>२.३ सन्दर्भ, परिवेशअनुरूप शिष्टाचारका शब्द प्रयोग गरी दोहोरो सञ्चार गर्न |

| | |
|---|---|
| ३. पाठगत सन्दर्भमा आधारित छलफल, प्रश्नोत्तर र अन्तरक्रिया गर्न | ३.१ विषयवस्तु वा घटनाको पूर्वानुमान र पश्चानुमान गर्न<br>३.२ पाठगत सन्दर्भमा आधारित भई मौखिक प्रश्न निर्माण गर्न<br>३.३ विषयवस्तु वा घटनालाई सारमा व्यक्त गर्न<br>३.४ विषयवस्तु वा घटनामा आधारित भई पात्रको वर्णन तथा तुलना गर्न<br>३.५ पाठगत विषयवस्तुमा आधारित भई छलफल र अन्तरक्रिया गर्न<br>३.६ पाठगत सन्दर्भमा आधारित भई प्रश्नोत्तर गर्न |
| ४. सामाजिक, सांस्कृतिक परिवेशअनुसार प्रतिक्रिया जनाउन | ४.१ कुराकानीका सन्दर्भमा सामाजिक सांस्कृतिक परिवेश पहिचान गरी प्रतिक्रिया जनाउन<br>४.२ समाजमा प्रचलित भाषा, संस्कृति बारेमा विचार व्यक्त गर्न<br>४.३ भाषिक विशेषता बोध गरी उपयुक्त भाषाको प्रयोग गर्न |
| ५. सञ्चारका विभिन्न माध्यमबाट व्यक्त विषयवस्तु सुनी प्रतिक्रिया जनाउन | ५.१ रेडियो, टेलिभिजन तथा अन्य सञ्चार माध्यममा प्रस्तुत विषयवस्तु ध्यानपूर्वक सुनी प्रतिक्रिया जनाउन<br>५.२ विभिन्न सञ्चार साधनको प्रयोग गरी आफ्ना विचार प्रस्तुत गर्न<br>५.३ सञ्चार साधनमा व्यक्त विषयका बारेमा अन्तरक्रिया गर्न |
| ६. पाठको संरचना तथा शैली अनुकरण गर्न | ६.१ पाठको संरचना र शैली पहिचान गर्न<br>६.२ पाठको शैली अनुकरण गरी विचार व्यक्त गर्न |
| ७. विभिन्न विषयमा गरिने संवाद, वादविवादमा सहभागी भई तार्किक प्रस्तुति दिन | ७.१ संवाद तथा वादविवादको संरचना र शैली पहिचान गर्न<br>७.२ संवाद तथा वादविवादमा सक्रियतापूर्वक सहभागिता जनाउन<br>७.३ संवाद तथा वादविवादको शैली अनुकरण गरी विचार प्रस्तुत गर्न |
| ८. परिचित विषयवस्तुको स्वतन्त्र वर्णन गर्न | ८.१ कुनै विषय वा घटना सुनेर सन्दर्भ वा विषयवस्तु सिलसिला मिलाई वर्णन गर्न<br>८.२ विभिन्न क्षेत्रका व्यक्तिको परिचय र योगदान बताउन<br>८.३ परिचित विषयवस्तुको स्वतन्त्र वर्णन गर्न<br>८.४ आफ्नो दैनिकीलाई मौखिक रूपमा वर्णन गर्न |

**पढाइ**

| **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धिको विस्तृतीकरण** |
|---|---|
| १. लिखित सामग्रीलाई गति, यति र लय मिलाई वाचन गर्न | १.१ पद्य पाठलाई गति, यति र लय मिलाई वाचन गर्न<br>१.२ गद्य पाठलाई गति, यति र हाउभाउसहित वाचन गर्न<br>१.३ पाठमा प्रयुक्त शब्दहरू शुद्ध उच्चारण गर्न |

| | |
|---|---|
| २. सस्वर पठन र मौन पठन गर्न | २.१ निर्धारित समयभित्र पाठको सस्वरपठन गरी गति वृद्धि गर्न<br>२.२ निर्धारित पाठको मौन पठन गरी प्रश्नोत्तर गर्न |
| ३. विषयवस्तुको पठनबोध गरी मौखिक प्रश्नोत्तर गर्न | ३.१ पाठ पढी पाठको संरचना, विषयवस्तु र भाव बोध गर्न<br>३.२ पाठ पढी पात्र र घटनाको पहिचान गर्न<br>३.३ पाठमा निहित सन्देश ग्रहण गर्न सक्ने गरी पढ्न<br>३.४ निर्धारित पाठको पठनबोध गरी सन्दर्भ र परिवेशमा आधारित प्रश्नोत्तर गर्न |
| ४. सामग्री पढी शब्दभण्डार वृद्धि गर्न | ४.१ पाठका प्रयुक्त नयाँ शब्द पहिचान गर्न<br>४.२ पाठका प्रयुक्त नयाँ शब्दको अर्थबोध गरी प्रयोग गर्न<br>४.३ विभिन्न सामग्री पढी शब्दभण्डार वृद्धि गर्न |
| ५. मुद्रित एवम् विद्युतीय सामग्री रुचिपूर्वक पढी विषयवस्तु बोध गर्न | ५.१.मुद्रित तथा विद्युतीय सामग्री पढी विषयवस्तु बोध गर्न<br>५.२ मुद्रित तथा विद्युतीय सामग्रीमा निहित मुख्य मुख्य विषयवस्तु पहिचान गर्न<br>५.३ मुद्रित तथा विद्युतीय सामग्रीमा प्रस्तुत विषयवस्तु आवश्यकतानुसार उपयोग गर्न |
| ६. पाठ पढी विषयवस्तुको व्याख्या र विश्लेषण गर्न | ६.१ पाठ पढी विषयवस्तुको घटनाक्रम पहिल्याउन<br>६.२ पाठ पढी विषयवस्तुको व्याख्या र विश्लेषण गर्न<br>६.३ विभिन्न प्रकारका पाठ पढी सन्देश बोध गर्न |
| ७. व्यावहारिक लेखनको विषयवस्तु र ढाँचा बोध गर्न | ७.१ चिठी, निवेदन, विज्ञापन, निमन्त्रणा, शुभकामना जस्ता व्यावहारिक रचनाहरू रुचिपूर्वक पढ्न<br>७.२ व्यावहारिक रचनाको ढाँचा र संरचना बोध गर्न<br>७.३ निर्धारित पाठका विषयवस्तु बोध गर्ने गरी पढ्न |

**लेखाइ**

| **सिकाइ उपलब्धि** | **सिकाइ उपलब्धिको विस्तृतीकरण** |
|---|---|
| १. निर्दिष्ट पाठ वा अनुच्छेदको अनुलेखन र श्रुतिलेखन गर्न | १.१ निर्दिष्ट पाठ वा अनुच्छेदको अनुलेखन गर्न<br>१.२ शब्द, वाक्य र अनुच्छेदको श्रुतिलेखन गर्न |
| २. पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न, शब्दको बनोट पहिचान गर्न र वाक्यमा | २.१ पाठमा प्रयुक्त नयाँ शब्दको अर्थ लेख्न<br>२.२ पाठमा प्रयुक्त शब्दको बनोट पहिचान गर्न<br>२.३ नयाँ शब्दलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्न |

| | |
|---|---|
| प्रयोग गर्न | २.४ पर्यायवाची, विपरीतार्थी, अनेकार्थी, श्रुतिसमभिन्नार्थी, अनुकरणात्मक, समूहवाची, समावेशक, समावेश्य लघुतावाची, सङ्क्षिप्त, सिङ्गो शब्द र पारिभाषिक शब्द तथा उखान र टुक्काको समुचित प्रयोग गर्न |
| ३. आफूले सुनेका, देखेका र अनुभव गरेका घटना र वस्तुको लिखित वर्णन गर्न | ३.१ आफूले सुनेका, देखेका र अनुभव गरेका घटना तथा विषयवस्तुको सूचना टिपोट गर्न<br>३.२ आफूले सुनेका, देखेका वा अनुभव गरेका घटना वा विषयवस्तुका आधारमा लिखित वर्णन गर्न<br>३.३ घटना वा विषयलाई कल्पनाका आधारमा वर्णन गर्न |
| ४. विभिन्न पद्य पाठ वा रचनालाई गद्यमा रूपान्तरण गर्न | ४.१ निर्दिष्ट पद्य विधाका पाठ वा श्लोकलाई गद्यमा रूपान्तरण गरी लेख्न<br>४.२ सन्दर्भ सामग्रीबाट पद्य विधाका पाठ सङ्कलन गरी गद्य ढाँचामा परिवर्तन गर्न |
| ५. पाठमा आधारित प्रश्नोत्तर लेख्न | ५.१ पाठमा आधारित प्रश्नको उत्तर लेख्न<br>५.२ सम्बन्धित पाठका घटनालाई सिलसिला मिलाई लेख्न<br>५.३ पाठमा प्रयुक्त पात्रको चरित्र वर्णन गर्न<br>५.४ सम्बन्धित पाठको सार लेख्न<br>५.५ सम्बन्धित पाठमा व्यक्त विषयवस्तुको विवेचना गर्न |
| ६. वर्णविन्यास, निर्धारित लेख्य चिह्न र सङ्गति मिलाई वाक्य रचना गर्न | ६.१ लेख्य चिह्न (पूर्णविराम, प्रश्नवाचक, अल्पविराम, अर्धविराम, उद्‌गार, योजक, उद्धरण, निर्देश र कोष्ठक) को पहिचान गरी वाक्य वा अनुच्छेदमा प्रयोग गर्न<br>६.२ लिङ्ग, वचन, पुरुष र आदरबिचको सङ्गति मिलाई अनुच्छेद रचना गर्न<br>६.३ निर्धारित वर्णविन्यासको उपयुक्त प्रयोग गर्न<br>६.४ पदयोग र पदवियोगको उपयुक्त प्रयोग गर्न<br>६.५ शिरबिन्दु र चन्द्रबिन्दुको उपयुक्त प्रयोग गर्न<br>६.६ ह्रस्वदीर्घ र पञ्चम वर्णको उपयुक्त प्रयोग गर्न |
| ७. भाषिक संरचना पक्षको बोध गर्न | ७.१ पाठमा प्रयुक्त शब्दवर्गको पहिचान र प्रयोग गर्न<br>७.२ अनुच्छेदमा प्रयोग गरिएका काल, पक्ष, भाव, करण अकरण, वाक्य र वाच्यको पहिचान र प्रयोग गर्न<br>७.३ काल, पक्ष, भावका आधारमा निर्दिष्ट विषयको वर्णन गर्न<br>७.४ कारक र विभक्तिको पहिचान गरी प्रयोग गर्न<br>७.५ सङ्केतका आधारमा वाक्यान्तरण गर्न |

| | |
|---|---|
| ८. विषयवस्तुको भाव विस्तार तथा विश्लेषण गर्न | ८.१ पाठको सन्देश वा भावलाई बुँदामा प्रस्तुत गर्न<br>८.२ पाठका निर्दिष्ट उद्धरणको भाव विस्तार गर्न<br>८.३ पाठमा निहित विषयवस्तुको विश्लेषण गर्न |
| ९. सन्देशमूलक व्यावहारिक लेखन तयार गर्न | ९.१ व्यावहारिक रचनाअन्तर्गतका चिठी, निवेदन, शुभकामना, निमन्त्रणा जस्ता व्यावहारिक रचना तयार गर्न<br>९.२ इमेल म्यासेजको प्रयोग गरी सन्देश प्रवाह गर्न<br>९.३ सञ्चारका माध्यम प्रयोग गरी सन्देश आदानप्रदान गर्न |
| १०.विषयवस्तुका आधारमा निर्देशित तथा स्वतन्त्र लेखन गर्न | १०.१ निर्धारित विषयवस्तुका मुख्य बुँदाहरू टिपोट गर्न<br>१०.२ निर्धारित बुँदाका आधारमा विषयवस्तुको विस्तार गर्न<br>१०.३ विषयवस्तुमा आधारित भई स्वतन्त्र लेखन गर्न |

४ (क) विषयवस्तुको क्षेत्र क्रम र विस्तृतीकरण (कक्षा ६)

| क्र. स. | क्षेत्र | भाषिक सिप | | | भाषिक पुनरुत्पादन | | | कार्य घण्टा |
|---|---|---|---|---|---|---|---|---|
| | विधा तथा विषयवस्तु | सुनाइ तथा बोलाइ | पढाइ | लेखाइ | शब्दभण्डार | भाषिक संरचना र वर्णविन्यास | भाषिक प्रकार्य | |
| १. | कविता (देशभक्ति/ नीतिपरक) | १.१ विषयवस्तुको सुनाइ र बोध<br>१.२ प्रश्नोत्तर<br>१.३ विषयवस्तुको अनुमान तथा कल्पना<br>१.४ विषयवस्तुको विस्तार वा सिर्जना<br>१.५ विषयवस्तुमा आधारित छलफल, प्रश्न निर्माण<br>१.६ श्रुति वर्णन | १.१. लयबद्ध पठन<br>१.२ संरचना पहिचान र सन्दर्भ बोध<br>१.३ पाठको विषयवस्तु बोध<br>१.४ प्रश्नोत्तर | १.१ श्रुतिलेखन<br>१.२ गद्यमा रूपान्तरण<br>१.३ प्रश्नोत्तर र भावविस्तार<br>१.४ भाव लेखन<br>१.५ शब्द भरण<br>१.६ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित निर्देशित रचना | १.१ पर्यायवाची शब्दको पहिचान र प्रयोग | १.१ नाम पदको पुनरावृत्ति<br>१.२ सर्वनाम शब्दको पहिचान र प्रयोग<br>१.३ पुरुषवाचक र दर्शक सर्वनाम<br>१.४ सर्वनाम पदको नाम तथा क्रियापदसँग सङ्गति र प्रयोग<br>१.५ वर्णविन्यासको पहिचान र प्रयोग<br>ह्रस्व इकार (शब्दको सुरु, बिच र अन्त्यमा) | अनुरोध | १० |
| २. | कथा | २.१ सुनाइ र विषयवस्तु | २.१ समयबद्ध सस्वरपठन | २.१ प्रश्नोत्तर | २.१ विपरीतार्थी | २.१ सर्वनाम शब्दको | समीक्षा | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (पौराणिक) | बोध<br>२.२ धारणा निर्माण र प्रस्तुति<br>२.३ छलफल र प्रश्नोत्तर<br>२.४ पात्र पहिचान<br>२.५ स्वतन्त्र रूपमा (मेलमिलाप, सहकार्य जस्ता विषयक्षेत्र समेटी) विचारको प्रस्तुति | र गतिवृद्धि<br>२.२ मौन पठन र छलफल<br>२.३ संरचना, पात्र र घटना पहिचान<br>२.४ पाठको विषयवस्तु बोध<br>२.५ प्रश्न निर्माण<br>२.६ प्रश्नोत्तर | २.२ घटनाक्रम मिलान<br>२.३ सार लेखन<br>२.४ तार्किक लेखन<br>२.५ शब्दभरण वा अनुकरणात्मक कथा लेखन<br>२.६ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | शब्दको पहिचान र प्रयोग | पहिचान र प्रयोग<br>(क) सम्बन्धवाचक, प्रश्नवाचक र निजवाचक सर्वनाम<br>(ख) सर्वनाम पदको नाम तथा क्रियापदसँग सङ्गति र प्रयोग<br>२.२ वर्णविन्यासको पहिचान र प्रयोग<br>दीर्घ इकार (शब्दको सुरु, बिच र अन्त्यमा) | | |
| ३. | निबन्ध (कला संस्कृति) | ३.१ सुनाइ र नयाँ शब्द पहिचान<br>३.२ सुनाइ र संरचना पहिचान<br>३.३ छलफल र प्रश्नोत्तर<br>३.४ विषयवस्तु टिपोट र प्रस्तुति<br>३.५ विषयक्षेत्रमा आधारित ज्ञान र अनुभवको वर्णन | ३.१ समयबद्ध सस्वरपठन र गतिवृद्धि<br>३.२ मौन पठन र छलफल<br>३.३ संरचना पहिचान<br>३.४ घटनाक्रम पहिचान<br>३.५ पाठको विषयवस्तु बोध<br>३.६ प्रश्नोत्तर | ३.१ प्रश्नोत्तर र विषय विस्तार<br>३.२ प्रश्न निर्माण<br>३.३ श्रुतिलेखन<br>३.४ बुँदा टिपोट<br>३.५ अनुच्छेदपूरण वा अनुच्छेद लेखन<br>३.६ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र | ३.१ अनुकरणात्मक शब्दको पहिचान र प्रयोग | ३.१ विशेषण शब्दको पहिचान र प्रयोग<br>(क) गुणबोधक र सङ्ख्याबोधक विशेषण<br>(ख) विशेष्य र विशेषणबिच सङ्गति<br>३.२ वर्णविन्यासको पहिचान र | विचार प्रस्तुति | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ३.६ देखेका, सुनेका र अनुभवका आधारमा घटना वर्णन | | रचना | | प्रयोग<br>ह्रस्व उकार ( शब्दको सुरु, बिच र अन्त्यमा) | | |
| ४. | व्यावहारिक लेखन<br>(घरायसी चिठी) | ४.१ सुनाइ र संरचना पहिचान<br>४.२ विषयमा आधारित संवेगात्मक प्रस्तुति<br>४.३ विषयवस्तुको विश्लेषण तथा सार प्रस्तुति<br>४.४ छलफल र प्रश्नोत्तर<br>४.५ सुनाइ र त्यसका आधारमा सन्देश प्रवाह | ४.१ समयबद्ध सस्वरपठन र गतिवृद्धि<br>४.२ मौन पठन र छलफल<br>४.३ संरचना पहिचान<br>४.४ पाठको विषयवस्तु बोध<br>४.५ सन्देश ग्रहण र प्रतिक्रिया<br>४.६ प्रश्नोत्तर | ४.१ प्रश्नोत्तर<br>४.२ लेखन ढाँचा र शैली अनुकरण<br>४.३ प्रत्युत्तर लेखन<br>४.४ सन्दर्भ र आवश्यकताका आधारमा सन्देशमूलक रचना | ४.१ शिष्टाचार र सम्बोधनजन्य शब्दको पहिचान र प्रयोग | ४.१ विशेषण शब्दको पहिचान र प्रयोग<br>(क) परिमाणबोधक, सार्वनामिक र भेदक विशेषण<br>४.२ विशेष्य र विशेषणबिचको सङ्गति र प्रयोग<br>४.३ वर्णविन्यासको पहिचान र प्रयोग<br>दीर्घ ऊकार (शब्दको सुरु, बिच र अन्त्यमा) | स्वागत र आतिथ्य | १० |
| ५. | जीवनी (राष्ट्रिय) | ५.१ सुनाइ र बोध<br>५.२ घटनाक्रम पहिचान र प्रस्तुति<br>५.३ प्रश्नोत्तर<br>५.४ सुनाइ र व्यक्तिवृत्त | ५.१ समयबद्ध सस्वरपठन र गतिवृद्धि<br>५.२ मौन पठन र छलफल<br>५.३ संरचना पहिचान | ५.१ घटनाक्रम मिलान<br>५.२ प्रश्नोत्तर<br>५.३ व्यक्तित्वमा आधारित भई लिखित मूल्याङ्कन | ५.१ समावेशक-समावेश्य शब्दको पहिचान र प्रयोग | ५.१ लेख्य चिह्नको पहिचान र प्रयोग<br>(पूर्णविराम, प्रश्न चिह्न, अल्पविराम, | सहयोग | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | वर्णन<br>५.५ श्रुति वर्णन<br>५.६ छलफल र अनुमान<br>५.७ कुनै व्यक्तिको काल्पनिक व्यक्तिवृत्त प्रस्तुति | ५.४ घटनाक्रम पहिचान<br>५.५ प्रश्नोत्तर<br>५.६ मुद्रित सामग्रीबाट विषयवस्तु बोध | ५.४ अनुकरणात्मक जीवनी लेखन<br>५.५ बुँदा टिपोट<br>५.७ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | | उद्गार चिह्न, योजक चिह्न<br>५.२ वर्णविन्यासको पहिचान र प्रयोग (ब/व) | | |
| ६. | कथा (सामाजिक) | ६.१ समूह सुनाइ र प्रतिक्रिया<br>६.२ विषयवस्तुका आधारमा धारणा निर्माण र प्रस्तुति<br>६.३ भूमिका निर्वाह, प्रश्नोत्तर, छलफल, कथाकथन र घटनावर्णन<br>६.४ अनुमान, कल्पना, निष्कर्ष<br>६.५ सहयोग, लेनदेन जस्ता विषयक्षेत्र समेटी विचार प्रस्तुति | ६.१ समयबद्ध सस्वरपठन र गतिवृद्धि<br>६.२ मौन पठन र बोध<br>६.३ संरचना पहिचान<br>६.४ प्रश्ननिर्माण र उत्तर पहिचान<br>६.५ सन्दर्भ अनुकूलको स्वाभाविक वर्णन | ६.१ प्रश्नोत्तर<br>६.२ घटनाक्रम मिलान<br>६.३ चरित्र वर्णन<br>६.४ सार लेखन<br>६.५ तार्किक अभिव्यक्ति<br>६.६ कथापूरण वा अनुकरणात्मक कथा लेखन<br>६.७ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | ६.१ श्रुतिसमभिन्नार्थी शब्दको पहिचान र प्रयोग | ६.१ सामान्य धातुको पहिचान र प्रयोग<br>६.२ क्रियापदको पहिचान र प्रयोग<br>६.३ वर्णविन्यासको पहिचान र प्रयोग (य/ए) | सामाजिक सद्भाव र सहकार्य | १० |
| ७. | वादविवाद | ७.१ सुनाइ र धारणा निर्माण<br>७.२ संवेगात्मक सचेततासहित तर्कको | ७.१ समयबद्ध सस्वरपठन र गतिवृद्धि<br>७.२ संरचना पहिचान<br>७.३ मौन पठन र छलफल | ७.१ घटनाक्रम मिलान<br>७.२ सार लेखन<br>७.३ श्रुतिलेखन तथा अनुलेखन | ७.१ लघुतावाची र अनेकार्थी शब्दको पहिचान र प्रयोग | ७.१ वर्तमान, भूत र भविष्यत् कालको पहिचान र प्रयोग<br>७.२ वर्णविन्यासको | उद्घोषण | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रस्तुति<br>७.३ विषयवस्तुको सार कथन<br>७.४ छलफल र प्रश्नोत्तर<br>७.५ अनुमान र प्रस्तुति<br>७.६ तर्क, समर्थन र खण्डनमण्डन<br>७.७ मौखिक सञ्चारका क्रममा विचार सम्प्रेषणका लागि निर्धारित ढाँचा र शैलीको उपयोग | ७.४ पात्र र घटना पहिचान<br>७.५ पाठको विषयवस्तु बोध<br>७.५ प्रश्नोत्तर | ७.४ प्रश्नोत्तर<br>७.५ बुँदा टिपोट<br>७.६ निर्धारित शीर्षक र ढाँचामा वादविवाद लेखन | | पहिचान र प्रयोग (ऋ/रि) | | |
| ८. | निबन्ध (निजात्मक) | ८.१ सुनाइ र भाषाशैली पहिचान<br>८.२ अन्य भाषाबाट आएका शब्द पहिचान तथा कथन<br>८.३ विषयवस्तुमा आधारित अन्तरक्रिया<br>८.४ भाव सचेततासहित छलफल र प्रश्नोत्तर<br>८.५ विषयक्षेत्रमा आधारित ज्ञान, स्मरण र अनुभवको वर्णन<br>८.६ अनुमान, कल्पना वा सिर्जना | ८.१ समयबद्ध सस्वरपठन र गतिवृद्धि<br>८.२ मौन पठन र छलफल<br>८.३ संरचना पहिचान<br>८.४ घटनाक्रम पहिचान<br>८.५ पाठको विषयवस्तु बोध र प्रश्नोत्तर<br>८.६ सन्देश ग्रहण | ८.१ प्रश्नोत्तर<br>८.२ प्रश्न निर्माण<br>८.३ अनुलेखन तथा श्रुतिलेखन<br>८.४ बुँदा टिपोट<br>८.५ अनुच्छेदपूरण वा अनुच्छेद लेखन<br>८.६ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | ८.१ प्राविधिक/ पारिभाषिक शब्दको पहिचान र प्रयोग | ८.१ अपूर्ण पक्षको पहिचान र प्रयोग<br>८.२ समस्त शब्दको पहिचान र प्रयोग<br>८.३ वर्णविन्यासको पहिचान र प्रयोग (छ/क्ष) | इच्छा अनिच्छा | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९. | कविता (सामाजिक) | ९.१. सुनाइ र विषयवस्तुमा आधारित छलफल<br>९.२ लय पहिचान<br>९.३ प्रश्नोत्तर<br>९.४ पाठगत सन्दर्भमा आधारित छलफल र अन्तरक्रिया<br>९.५ निर्धारित विषय वा सन्दर्भमा आधारित भाव वर्णन | ९.१. लयबद्ध पठन<br>९.२ सन्दर्भ बोध<br>९.३ पाठको विषयवस्तु बोध<br>९.४ भावबोध<br>९.५ प्रश्नोत्तर | ९.१ अनुलेखन र श्रुतिलेखन<br>९.२ गद्यमा रूपान्तरण<br>९.३ कवितापूरण<br>९.४ प्रश्नोत्तर र निर्धारित पङ्क्तिको भाव विस्तार<br>९.५ भाव लेखन | ९.१ लयात्मक शब्दको पहिचान र प्रयोग | ९.१ पूर्ण पक्षको पहिचान र प्रयोग<br>९.२ द्वित्व भएका शब्द पहिचान र प्रयोग<br>९.३ वर्णविन्यासको पहिचान र प्रयोग (श,ष,स) | स्नेह र प्रशंसा | १० |
| १०. | कथा (बालमनोविज्ञान | १०.१ सुनाइ र सन्दर्भ पहिचान<br>१०.२ विषयवस्तुका आधारमा धारणा निर्माण र प्रस्तुति<br>१०.३ पात्र पहिचान र वर्णन<br>१०.४ पाठमा आधारित छलफल र प्रश्नोत्तर<br>१०.५ कथा कथन र घटना वर्णन<br>१०.६ अनुमान, कल्पना र निष्कर्ष | १०.१ समयबद्ध सस्वर पठन<br>१०.२ मौन पठन र छलफल<br>१०.३ प्रश्ननिर्माण र उत्तर पहिचान<br>१०.४ सन्दर्भ अनुकूलको वर्णन | १०.१ प्रश्नोत्तर<br>१०.२ घटनाक्रम मिलान<br>१०.३ सार लेखन<br>१०.४ तार्किक अभिव्यक्ति<br>१०.५ बुँदाका आधारमा कथा लेखन<br>१०.६ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १०.१ अनुकरणात्मक शब्द र उखान टुक्काको पहिचान र प्रयोग | १०.१ विभक्ति (ले, लाई, द्वारा,देखि, बाट,<br>को, का, की/रो, रा, री/<br>नो, ना, नी, माको प्रयोग<br>१०.२ कर्ता र कर्म कारकको पहिचान र प्रयोग<br>१०.३ वर्णविन्यासको पहिचान र प्रयोग (ग्यँ/ज्ञ) | सान्त्वना र प्रोत्साहन | १० |
| ११. | व्यावहारिक | ११.१ सुनाइ र सूचना ग्रहण | ११.१ समयबद्ध सस्वरपठन | ११.१ लेखन ढाँचा र | ११.१ पर्यायवाची र | ११.१ क्रियायोगीको | सहानुभूति | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | लेखन (निवेदन) | ११.२ विषयवस्तुको बोध<br>११.३ मौखिक अन्तरक्रिया र विषयवस्तु प्रस्तुति<br>११.४ छलफल तथा प्रश्नोत्तर<br>११.५ सन्दर्भ र परिवेश अनुकूल हुने गरी व्यावहारिक प्रस्तुति<br>११.६ ढाँचा पहिचान र वर्णन<br>११.७ श्रुतिबोध र विचारको सङ्कथन | र गतिवृद्धि<br>११.२ मौन पठन र छलफल<br>११.३ संरचना पहिचान<br>११.४ पाठको विषयवस्तु बोध<br>११.५ सन्देश ग्रहण<br>११.६ प्रश्नोत्तर | शैली अनुकरण<br>११.२ प्रश्नोत्तर<br>११.३ निर्धारित विषयमा निवेदन लेखन | विपरीतार्थी शब्दको पहिचान र प्रयोग | पहिचान र प्रयोग<br>११.२ नामयोगीको पहिचान र प्रयोग<br>११.३ वर्णविन्यासको पहिचान र प्रयोग (हलन्त, अजन्त) | | |
| १२. | जीवनी (अन्तर्राष्ट्रिय) | १२.१ सुनाइ र मुख्य मुख्य विषय वा तथ्य बोध<br>१२.२ घटनाक्रम पहिचान र प्रस्तुति<br>१२.३. सुनाइ र व्यक्तिवृत्त वर्णन<br>१२.४ श्रुति वर्णन<br>१२.५ प्रश्नोत्तर, छलफल र अनुमान<br>१२.६ धारणा निर्माण र प्रस्तुति | १२.१ समयबद्ध सस्वर पठन<br>१२.२ मौन पठन र छलफल<br>१२.३ संरचना पहिचान<br>१२.४ घटनाक्रम पहिचान<br>१२.५ प्रेरणा ग्रहण र लक्ष्य निर्धारण | १२.१ घटनाक्रम मिलान<br>१२.२ प्रश्नोत्तर<br>१२.३ प्रश्न निर्माण तथा व्याख्या<br>१२.४ व्यक्तित्वमा आधारित भई लिखित मूल्याङ्कन<br>१२.५ अनुकरणात्मक जीवनी लेखन<br>१२.६ बुँदा टिपोट<br>१२.७ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १२. आगन्तुक शब्दको पहिचान र प्रयोग | १२.१ संयोजकको पहिचान र प्रयोग<br>१२.२ विस्मयादिबोधकको पहिचान र प्रयोग<br>१२.३ निपातको पहिचान र प्रयोग<br>१२.४ उपसर्गद्वारा शब्द निर्माण (अ, प्र, उप, अन, आ, अति, बे)<br>१२.५ वर्णविन्यासको | विश्वास अविश्वास | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पहिचान र प्रयोग (चन्द्रबिन्दु) | | |
| १३. | कविता (प्रकृतिपरक) | १३.१ सुनाइ र विषयवस्तुमा आधारित कुराकानी<br>१३.२ लयबोध, छलफल र प्रश्नोत्तर<br>१३.३ भाव पहिचान, विस्तार र अन्तरक्रिया<br>१३.४ गद्यमा रूपान्तरण र अनुमान<br>१३.५ कविता पूरण<br>१३.६ अन्य कविताको श्रवण र भाव वर्णन | १३.१ समयबद्ध सस्वर पठन<br>१३.२ संरचना पहिचान<br>१३.३ सन्दर्भ बोध<br>१३.४ पाठको विषयवस्तु बोध<br>१३.५ अन्य कविताको<br>लयबद्ध वाचन | १३.१ अनुलेखन तथा श्रुतिलेखन<br>१३.२ गद्यमा रूपान्तरण<br>१३.३ प्रश्नोत्तर र भावविस्तार<br>१३.४ सार लेखन<br>१३.५ कवितापूरण<br>१३.६ संरचनाको अनुकरण<br>१३.७ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १३.२ समूहवाचक शब्दको पहिचान र प्रयोग | १३.१ सङ्गतिको पहिचान र प्रयोग<br>(क) लिङ्ग सङ्गति<br>(ख) वचन सङ्गति<br>(ग) आदर सङ्गति<br>(घ) पुरुष सङ्गति<br>१३.२ प्रत्ययद्वारा शब्द निर्माण<br>(अन्ते, आइ, उवा, ओट, इलो, न, ने, नु)<br>१३.३ वर्णविन्यासको पहिचान र प्रयोग (शिरबिन्दु) | हेरचाह/ संवर्धन | १० |
| १४ | संवाद | १४.१ सुनाइ र पद तथा पदावलीको पहिचान<br>१४.२ शैली अनुकरण र विषयवस्तुको बोध<br>१४.३ संवेगात्मक सचेततासहितको मौखिक अन्तरक्रिया<br>१४.४ छलफल र प्रश्नोत्तर | १४.१ आशय, सन्दर्भ र विषयवस्तुका आधारमा अभिनयात्मक पठन<br>१४.२ संरचना पहिचान<br>१४.३ घटनाक्रम पहिचान<br>१४.४ पाठको विषयवस्तुको बोध र | १४.१ घटनाक्रम लेखन<br>१४.२ सार लेखन<br>१४.३ श्रुतिलेखन तथा अनुलेखन<br>१४.४ प्रश्नोत्तर<br>१४.५ व्याख्या तथा प्रश्न निर्माण | १४.१ मौलिक र आगन्तुक शब्दको पहिचान र प्रयोग | १४.१ वाक्य परिवर्तन<br>(क) लिङ्गका आधारमा वाक्य परिवर्तन<br>(ख) वचनका आधारमा वाक्य परिवर्तन<br>(ग) आदरका आधारमा वाक्य परिवर्तन<br>१४.२ वर्णविन्यासको | कार्यक्रम सञ्चालन | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १४.५ आदर्श अभिनय र स्वाभाविक शैलीमा भाषा प्रयोग | प्रश्नोत्तर<br>१४.५ तर्कको खण्डनमण्डन | १४.६ संवादपूरण<br>१४.७ अनुकरणात्मक संवाद लेखन | | पहिचान र प्रयोग (पञ्चम वर्ण) | | |
| १५. | प्रबन्ध<br>(प्रकृति वर्णन) | १५.१ सुनाइ र विषयवस्तु बोध<br>१५.२ विषयवस्तुको सार निर्माण र कथन<br>१५.३ छलफल र प्रश्नोत्तर<br>१५.४ विषयक्षेत्रमा आधारित ज्ञान र अनुभवको वर्णन | १५.१ समयबद्ध सस्वर पठन<br>१५.२ मौन पठन र छलफल<br>१५.३ संरचना पहिचान<br>१५.४ घटनाक्रम पहिचान<br>१५.५ पाठको विषयवस्तुको बोध<br>१५.६ सन्देश ग्रहण | १५.१ प्रश्नोत्तर र विषय विस्तार<br>१५.२ अनुलेखन तथा श्रुतिलेखन<br>१५.३ बुँदा टिपोट<br>१५.४ अनुच्छेदपूरण वा अनुच्छेद लेखन<br>१५.५ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना<br>१५.६ अवधारणाको चित्रात्मक प्रस्तुति | १५. पद तथा पदावलीको पहिचान र प्रयोग | १५.१ वाक्य परिवर्तन<br>(क) पुरुषका आधारमा वाक्य परिवर्तन<br>(ख) करण र अकरण<br>१५.२ वर्णविन्यासको पहिचान र प्रयोग (पदयोग र पदवियोग) | प्रतिबद्धता | १० |
| १६. | कथा<br>(सामाजिक) | १६.१ सुनाइ र प्रतिक्रिया<br>१६.२ धारणा निर्माण र प्रस्तुति<br>१६.३ प्रश्नोत्तर, छलफल, कथाकथन र घटना वर्णन<br>१६.४ अनुमान, कल्पना र निष्कर्ष<br>१६.५ चित्रकथा वर्णन<br>१६.६ समस्या पहिचान र | १६.१ समयबद्ध सस्वर पठन<br>१६.२ मौन पठन र छलफल<br>१६.३ प्रश्न निर्माण र उत्तर पहिचान<br>१६.४ विषयवस्तुको सन्दर्भ अनुकूलको स्वाभाविक वर्णन<br>१६.५ चरित्र चित्रण र पात्र | १६.१ प्रश्नोत्तर<br>१६.२ घटनाक्रम मिलान<br>१६.३ सार लेखन<br>१६.४ तार्किक अभिव्यक्ति<br>१६.५ अनुमान तथा पूर्वानुमानका आधारमा घटना विस्तार<br>१६.६ सम्बन्धित विधा वा | १६.१अनुकरणात्मक शब्दको पहिचान र प्रयोग | १६.१ भाव र अर्थ<br>(क) सामान्यार्थ<br>(ख) आज्ञार्थ<br>(ग) सम्भावनार्थ<br>१६.२ वर्णविन्यासको पहिचान र प्रयोग (र का विभिन्न रूपको प्रयोग) | आज्ञा वा आदेश | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | समाधानका उपाय प्रस्तुत | तुलना | विषयवस्तुमा आधारित स्वतन्त्र रचना | | | | |

## ४ (ख) विषयवस्तुको क्षेत्र क्रम र विस्तृतीकरण (कक्षा ७)

| **क्र. स.** | **क्षेत्र** | **भाषिक सिप** | | | **भाषिक पुनरुत्पादन** | | | **कार्य घण्टा** |
|---|---|---|---|---|---|---|---|---|
| | **विधा तथा विषयवस्तु** | **सुनाइ तथा बोलाइ** | **पढाइ** | **लेखाइ** | **शब्दभण्डार** | **भाषिक संरचना र वर्णविन्यास** | **भाषिक प्रकार्य** | |
| १. | गीति कविता ( देशभक्ति/ नीतिपरक) | १.१ विषयवस्तुको सुनाइ, छलफल र अन्तरक्रिया<br>१.२ प्रश्नोत्तर<br>१.३ विषयवस्तुको अनुमान (पूर्वानुमान, पश्चानुमान) तथा कल्पना<br>१.४ विषयवस्तुको विस्तार वा सिर्जना<br>१.५ विषयवस्तुमा आधारित प्रश्न निर्माण, उत्तर पहिचान र प्रस्तुति<br>१.६ विषयवस्तुको मौखिक सङ्कथन | १.१ लयबद्ध पठन<br>१.२ संरचना पहिचान<br>१.३ सन्दर्भ बोध<br>१.४ पाठको विषयवस्तु बोध र प्रश्नोत्तर | १.१ श्रुति लेखन<br>१.२ गद्यमा रूपान्तरण<br>१.३ प्रश्नोत्तर र भावविस्तार<br>१.४ सन्देश लेखन<br>१.५ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना<br>१.६ संरचनाको अनुकरण | १.१ पर्यायवाची शब्दको पहिचान र प्रयोग | १.१ नाम र सर्वनाम पदको पुनरावृत्ति<br>१.२ नाम र सर्वनामबिचको सङ्गति<br>१.३ नाम र सर्वनामको क्रियापदसँगको सङ्गति<br>१.४ वर्णविन्यासको पहिचान र प्रयोग ह्रस्व इकार (शब्दको सुरु, बिच र अन्त्यमा) | विनम्रता | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २. | कथा (लोक) | २.१ सुनाइ र विषय तथा सन्दर्भ पहिचान<br>२.२ धारणा निर्माण र प्रस्तुति<br>२.३ विषयवस्तुका बारेमा छलफल र निष्कर्ष<br>२.४ कथाकथन र घटना वर्णन<br>२.५ विषयवस्तुमा आधारित स्वतन्त्र विचार प्रस्तुति<br>२.६ विषयवस्तु र घटनामा आधारित अनुमान र निष्कर्ष<br>२.७ पात्र वर्णन र तुलना | २.१ समयबद्ध सस्वर पठन<br>२.२ मौन पठन र छलफल<br>२.३ संरचना, परिवेश, पात्र र घटना पहिचान<br>२.४ पाठको विषयवस्तु बोध | २.१ पात्र पहिचान र तुलना<br>२.२ घटनाक्रम मिलान<br>२.३ सार लेखन<br>२.४ प्रश्नोत्तर, व्याख्या<br>२.५ शब्दभरण वा अनुकरणात्मक कथा लेखन<br>२.६ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | २.१ विपरीतार्थी शब्दको पहिचान र प्रयोग | २.१ विशेषण पदको पुनरावृत्ति<br>२.२ विशेषण र विशेष्यबिच सङ्गति<br>२.३ सामान्य धातु र प्रेरणार्थक धातुको पहिचान र क्रियापदमा यसको प्रयोग<br>२.४ असमापक क्रियाको पहिचान र प्रयोग<br>२.५ वर्णविन्यासको पहिचान र प्रयोग दीर्घ इकार (शब्दको सुरु, बिच र अन्त्यमा) | शुभेच्छा | १० |
| ३. | संवाद | ३.१ सुनाइ र अनुमान<br>३.२ सुनाइ र प्रश्न निर्माण<br>३.३ संवेगात्मक सचेततासहित विषयवस्तुको सार प्रस्तुति<br>३.४ छलफल र प्रश्नोत्तर | ३.१ आशय, सन्दर्भ र विषयवस्तुका आधारमा अभिनयात्मक पठन<br>३.२ संरचना पहिचान<br>३.३ घटनाक्रम पहिचान<br>३.४ तर्क र समर्थन | ३.१ घटनाक्रम मिलान<br>३.२ सार लेखन<br>३.३ श्रुतिलेखन तथा अनुलेखन<br>३.४ प्रश्नोत्तर<br>३.५ अनुकरणात्मक | ३.१ प्राविधिक/ पारिभाषिक शब्दको पहिचान र प्रयोग | ३.१ पूर्णविराम, अल्पविराम, प्रश्न चिह्न, उद्गार चिह्न, योजक चिह्न, कोष्ठक चिह्नको पहिचान र | अनुभूति | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | ३.५ विषयवस्तुको मौखिक वा सिर्जनात्मक<br>अभिव्यक्ति | | संवाद लेखन<br>३.६ सम्बन्धित विधा वा विषयवस्तुमा<br>आधारित स्वतन्त्र रचना | | प्रयोग<br>३.२ वर्णविन्यासको पहिचान र प्रयोग<br>ह्रस्व उकार (शब्दको सुरु, बिच र अन्त्यमा) | | |
| ४. | जीवनी<br>(राष्ट्रिय) | ४.१ सुनाइ र संरचना पहिचान<br>४.२ शैली पहिचान<br>४.३ घटनाक्रम पहिचान, धारणा निर्माण र प्रस्तुति<br>४.४ व्यक्तिवृत्त वर्णन<br>४.५ छलफल, प्रश्नोत्तर तथा अनुमान<br>४.६ स्मरण, कल्पना र मौखिक सिर्जना | ४.१ समयबद्ध सस्वर पठन<br>४.२ मौन पठन र प्रश्नोत्तर<br>४.३ घटना टिपोट र सार<br>४.४ संरचना पहिचान<br>४.५ घटनाक्रम पहिचान<br>४.६ सन्देश ग्रहण र लक्ष्य निर्धारण | ४.१ घटनाक्रम मिलान<br>४.२ सार लेखन<br>४.३ प्रश्नोत्तर<br>४.४ व्यक्तित्व मूल्याङ्कन<br>४.५ निर्देशित जीवनी लेखन<br>४.६ व्यक्तिवृत्त लेखन | ४.१श्रुतिसमभिन्नार्थी शब्दको पहिचान र प्रयोग | ४.१ पद सङ्गति<br>(क) लिङ्ग सङ्गति<br>(ख) वचन सङ्गति<br>(ग) आदर सङ्गति<br>(घ) पुरुष सङ्गति<br>४.२ वर्णविन्यासको पहिचान र प्रयोग दीर्घ ऊकार (शब्दको सुरु, बिच र अन्त्यमा) | प्रशंसा | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५. | प्रबन्ध<br>(योग र स्वास्थ्य) | ५.१ सुनाइ र मुख्य विषयवस्तुगत तथ्य स्मरण<br>५.२ विषयवस्तुको सार प्रस्तुति<br>५.३ छलफल र प्रश्नोत्तर<br>५.४ घटना र सार वर्णन<br>५.५ अनुभव र अनुभूतिको वर्णन<br>५.६ कुनै विषयमा आधारित स्वतन्त्र अभिव्यक्ति, कल्पना वा सिर्जना | ५.१ समयबद्ध सस्वर पठन<br>५.२ मौन पठन र छलफल<br>५.३ संरचना पहिचान<br>५.४ पाठको विषयवस्तु पहिचान र बोध<br>५.५ सन्देश ग्रहण | ५.१ श्रुतिलेखन<br>५.२ घटनाक्रम मिलान र सार लेखन<br>५.३ प्रश्नोत्तर<br>५.४ सान्दर्भिक विषय शीर्षकमा वर्णनात्मक लेखन<br>५.५ बुँदा टिपोट<br>५.६ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | ५.१ समावेशक-समावेश्य शब्दको पहिचान र प्रयोग | ५.१ वर्तमान, भूत र भविष्यत् कालको पहिचान र प्रयोग<br>५.२ वर्णविन्यासको पहिचान र प्रयोग (ब/व) | विशिष्टिकरण तथा सामान्यीकरण | ९ |
| ६. | व्यावहारिक लेखन<br>(घरायसी चिठी) | ६.१ सुनाइ र संरचना पहिचान<br>६.२ शैली अनुकरण<br>६.३ छलफल र प्रश्नोत्तर<br>६.४ विभिन्न माध्यमबाट मौखिक रूपमा सन्देश प्रवाह | ६.१ मौन पठन र छलफल<br>६.२ संरचना पहिचान<br>६.३ पाठको विषयवस्तु बोध<br>६.४ सन्देश ग्रहण<br>६.५ प्रश्नोत्तर | ६.१ प्रश्नोत्तर<br>६.२ प्रश्न निर्माण<br>६.३ लेखन ढाँचा र शैली अनुकरण<br>६.४ प्रत्युत्तर लेखन<br>६.५ सन्देशमूलक पाठको अनुकरणात्मक रचना<br>६.५ सन्देशमूलक स्वतन्त्र पाठ रचना | ६.१ शिष्टाचार र सम्बोधनजन्य शब्दको पहिचान र प्रयोग | ६.१ अपूर्ण पक्षको पहिचान र प्रयोग<br>६.२ द्वित्व भएका शब्द पहिचान र प्रयोग<br>६.३ वर्णविन्यासको पहिचान र प्रयोग (य/ए) | जिज्ञासा | ९ |
| ७. | कथा<br>(सामाजिक) | ७.१ सुनाइ र अन्तरक्रिया<br>७.२ धारणा निर्माण र | ७.१ समयबद्ध सस्वर पठन<br>७.२ मौन पठन र | ७.१ पात्र पहिचान र तुलना | ७.१ अनेकार्थी शब्दको पहिचान र | ७.१ पूर्ण पक्षको पहिचान र प्रयोग | तुलना | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रस्तुति<br>७.३ छलफल र प्रश्नोत्तर<br>७.४ कथाकथन र घटना वर्णन<br>७.५ अनुमान र कल्पनामा आधारित बोध र प्रस्तुति | छलफल<br>७.३ संरचना, पात्र र घटना पहिचान<br>७.४ पाठको विषयवस्तु बोध | ७.२ प्रश्नोत्तर<br>७.३ घटनाक्रम मिलान<br>७.४ सार लेखन<br>७.५ तार्किक र समीक्षात्मक लेखन<br>७.६ अनुलेखन, श्रुतिलेखन र अनुच्छेद रचना<br>७.७ निर्देशित तथा स्वतन्त्र कथा लेखन | प्रयोग<br>७.२ उखान र टुक्काको पहिचान र प्रयोग | ७.२ वर्णविन्यासको पहिचान र प्रयोग (ऋ/रि) | | |
| ८ | निबन्ध (निजात्मक) | ८.१ सुनाइ र भाषाशैली पहिचान<br>८.२ प्रश्नोत्तर र छलफल<br>८.३ विषयक्षेत्रमा आधारित विषयवस्तुको बोध र अनुभवको वर्णन<br>८.४ तथ्य, मूल्य तथा विचार ग्रहण र प्रतिक्रिया<br>८.५ अनुमान, कल्पना र विषय वर्णन | ८.१ समयबद्ध सस्वर पठन<br>८.२ मौन पठन र छलफल<br>८.३ संरचना पहिचान<br>८.४ घटनाक्रम पहिचान<br>८.५ सन्देश ग्रहण | ८.१ घटनाक्रम मिलान र सार निर्माण<br>८.२ प्रश्नोत्तर र निर्धारित पङ्क्तिको विस्तार<br>८.३ अनुच्छेद पूरण तथा अनुच्छेद लेखन<br>८.४ बुँदा टिपोट<br>८.५ अनुकरणात्मक निबन्ध लेखन<br>८.६ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | ८.१ लघुतावाची शब्दको पहिचान र प्रयोग | ८.१ कारकको पहिचान र प्रयोग (कर्ता, कर्म, करण, अपादान)<br>८.२ विभक्तिको पहिचान र प्रयोग (ले, लाई, द्वारा, देखि, बाट, को/का/की, रो/रा/री, नो/ना/नी, मा)<br>८.३ वर्णविन्यासको पहिचान र प्रयोग | अपेक्षा र विश्वास | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | (छ/क्ष) | | |
| ९ | कविता (सामाजिक) | ९.१. सुनाइ र विषयवस्तुका बारेमा मौखिक प्रतिक्रिया<br>९.२ लय पहिचान, छलफल र प्रश्नोत्तर<br>९.३ पाठगत सन्देश अनुमान<br>९.४ कल्पनामा आधारित विषय विस्तार<br>९.५ निर्धारित विषयवस्तुमा आधारित भाव वर्णन<br>९.६ विषयवस्तुमा आधारित प्रश्न निर्माण र उत्तर पहिचान | ९.१ लयबद्ध पठन<br>९.२ संरचना पहिचान<br>९.३ सन्दर्भ बोध<br>९.४ प्रश्नोत्तर | ९.१ गद्यमा रूपान्तरण<br>९.२ प्रश्नोत्तर र निर्धारित पङ्क्तिको भाव विस्तार<br>९.३ भाव लेखन<br>९.४ सन्देश लेखन<br>९.५ कविताको संरचनाको अनुकरण<br>९.६ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | ९.१ समूहवाचक शब्दको पहिचान र प्रयोग | ९.१ क्रियायोगीको पहिचान र प्रयोग (समयवाचक, स्थानवाचक, रीतिवाचक)<br>९.२ नामयोगीको पहिचान र प्रयोग<br>९.३ वर्णविन्यासको पहिचान र प्रयोग (श,ष,स) | ध्यानाकर्षण | १० |
| १० | दैनिकी | १०.१ सुनाइ र प्रतिक्रिया<br>१०.२ विषयवस्तुको सार प्रस्तुति<br>१०.३ छलफल र प्रश्नोत्तर<br>१०.४ स्वअनुभवका आधारमा आफ्नो संस्कृतिको पहिचान र प्रस्तुति<br>१०.५ मूल्यमान्यताको पहिचान र तार्किक | १०.१ आशय, सन्दर्भ र विषयवस्तुका आधारमा सस्वर पठन<br>१०.२ संरचना पहिचान<br>१०.३ घटनाक्रम पहिचान<br>१०.४ पाठको विषयवस्तु बोध र प्रश्नोत्तर<br>१०.५ घटना तथा सन्दर्भको | १०.१ घटनाक्रम मिलान<br>१०.२ सार लेखन<br>१०.३ श्रुतिलेखन<br>१०.४ प्रश्नोत्तर<br>१०.५ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १०.१ प्राविधिक/ पारिभाषिक शब्दको पहिचान र प्रयोग | १०.१ संयोजकको पहिचान र प्रयोग<br>१०.२ विस्मयादिबोधकको पहिचान र प्रयोग<br>१०.३ निपातको पहिचान र प्रयोग<br>१०.४ | निष्कर्ष पहिचान | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रस्तुति | सिलसिलाबद्ध प्रस्तुति | | | वर्णविन्यासको पहिचान र प्रयोग (ग्यँ/ज्ञ) | | |
| ११ | कथा (बालमनोविज्ञान) | ११.१ सुनाइ र विषयवस्तुको बोध<br>११.२ मौखिक अन्तरक्रिया र विषयवस्तुको प्रस्तुति<br>११.३ पात्र पहिचान, परिवेश, सन्दर्भ, चरित्र चित्रण, घटना वर्णन र घटना मिलान<br>११.४ छलफल तथा प्रश्नोत्तर<br>११.५ श्रुतिबोध र विचारको सङ्कथन | ११.१ समयबद्ध सस्वर पठन<br>११.२ मौन पठन र छलफल<br>११.३ सन्दर्भ, परिवेश, संरचना, पात्र र घटना पहिचान<br>११.४ पाठको विषयवस्तु बोध र प्रश्नोत्तर | ११.१ पात्र पहिचान र तुलना<br>११.२ घटनाक्रम मिलान<br>११.३ सार लेखन<br>११.४ प्रश्नोत्तर<br>११.५ तार्किक लेखन<br>११.६ श्रुतिलेखन तथा अनुच्छेद रचना<br>११.७ बुँदाका आधारमा कथा लेखन<br>११.८ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | ११.१ पर्यायवाची शब्दको पहिचान र प्रयोग | ११.१ वाक्य परिवर्तन पहिचान र प्रयोग<br>(क) लिङ्गका आधारमा वाक्य परिवर्तन<br>(ख) वचनका आधारमा वाक्य परिवर्तन<br>११.२ वर्णविन्यासको पहिचान र प्रयोग (हलन्त, अजन्त) | उत्सुकता | १० |
| १२ | जीवनी (अन्तर्राष्ट्रिय) | १२.१ सुनाइ र मुख्य मुख्य विषयवस्तु बोध<br>१२.२ घटनाक्रम पहिचान र प्रस्तुति<br>१२.३. सुनाइ र व्यक्तिवृत्त वर्णन<br>१२.४ प्रश्नोत्तर, छलफल र अनुमान<br>१२.५ धारणा निर्माण र | १२.१ समयबद्ध सस्वर पठन<br>१२.२ मौन पठन र छलफल<br>१२.३ संरचना पहिचान<br>१२.४ घटनाक्रम पहिचान<br>१२.५ प्रेरणा ग्रहण र लक्ष्य निर्धारण | १२.१ संरचना र शैली पहिचान<br>१२.२ घटनाक्रम मिलान<br>१२.३ व्यक्तिवृत्त लेखन<br>१२.४ सार लेखन<br>१२.५ प्रश्नोत्तर<br>१२.६ अनुकरणात्मक जीवनी लेखन | १२.१ विपरीतार्थी शब्दको पहिचान र प्रयोग | १२.१ वाक्य परिवर्तन<br>पहिचान र प्रयोग<br>(क) पुरुषका आधारमा वाक्य परिवर्तन<br>(ख) आदरका आधारमा वाक्य परिवर्तन | प्रेरणा | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रस्तुति | | १२.७ बुँदा टिपोट<br>१२.८ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | | १२.२ उपसर्गद्वारा शब्द निर्माण<br>(प्र, अप, अनु, वि, आ, प्रति, सु, बे, बद्, अ)<br>१२.३ वर्णविन्यासको पहिचान र प्रयोग (चन्द्रबिन्दु) | | |
| १३ | वक्तृता | १३.१ सुनाइ र प्रतिक्रिया<br>१३.२ संवेगात्मक सचेततासहित तर्कको प्रस्तुति<br>१३.३ विषयवस्तुको सार प्रस्तुति<br>१३.४ छलफल र प्रश्नोत्तर<br>१३.५ अन्तरक्रिया र समस्या पहिचान<br>१३.६ समस्या समाधानपरक निष्कर्ष निर्माण र कथन | १३.१ विषयवस्तुका आधारमा अभिनयात्मक पठन<br>१३.२ संरचना पहिचान<br>१३.३ घटनाक्रम पहिचान<br>१३.४ पाठको विषयवस्तु बोध | १३.१ घटनाक्रम मिलान<br>१३.२ सार लेखन<br>१३.३ अनुलेखन<br>१३.४ प्रश्नोत्तर एवम् तार्किक लेखन<br>१३.५ बुँदा टिपोट<br>१३.६ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १३. सिङ्गो शब्दको पहिचान र प्रयोग | १३.१ करण र अकरणको पहिचान र प्रयोग<br>१३.२ प्रत्ययद्वारा शब्द निर्माण<br>(एर, आलु, आहा, ओट, पन, ली, आडी, ईय, इक )<br>१३.३ वर्णविन्यासको पहिचान र प्रयोग (शिरबिन्दु) | सम्प्रेषण | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | नियात्रा | १४.१ सुनाइ र प्रतिक्रिया<br>१४.२ पाठका आधारमा सन्देश वर्णन<br>१४.३ विषयवस्तुको सार प्रस्तुति<br>१४.४ छलफल र प्रश्नोत्तर<br>१४.५ अनुभवका आधारमा आफ्नो संस्कृति वर्णन<br>१४.६ अनुमान तथा कल्पनामा आधारित परिवेशपरक वर्णन | १४.१ विषयवस्तुको सस्वर पठन<br>१४.२ विषयवस्तुको आधारमा परिवेश पहिचान<br>१४.३ संरचना पहिचान<br>१४.४ घटनाक्रम पहिचान, टिपोट र मिलान<br>१४.५ पाठको विषयवस्तु बोध र<br>प्रश्नोत्तर<br>१४.६ पाठको विषयवस्तु बोध र<br>सन्देश ग्रहण | १४.१ भ्रमणका विषयवस्तुको सिलसिलाबद्ध लिखित प्रस्तुति<br>१४.२ शीर्षकका आधारमा विषयवस्तुको वर्णन<br>१४.३ स्वअनुभव मिलान गरी स्वतन्त्र सिर्जना<br>१४.४ प्रश्नोत्तर | १४.१ मौलिक र आगन्तुक शब्दको पहिचान र प्रयोग | १४.१ शब्दवर्ग, काल र पक्ष, कोटिको पहिचान र प्रयोग<br>१४.२ वर्णविन्यासको पहिचान र प्रयोग (पञ्चम वर्ण) | अवस्था वर्णन | ९ |
| १५ | गद्य कविता (प्रकृतिपरक) | १५.१ सुनाइ र विषयवस्तु बोध<br>१५.२ छलफल र प्रश्नोत्तर<br>१५.३ विषयवस्तुको सार निर्माण र कथन<br>१५.४ मुख्य विषयवस्तु टिपोट र प्रस्तुति<br>१५.५ विषयक्षेत्रमा आधारित अनुभवको वर्णन<br>१५.६ विषयवस्तुको भाव | १५.१ लयबद्ध पठन<br>१५.२ संरचना पहिचान<br>१५.३ सन्दर्भ र भावबोध<br>१५.४ पाठको विषयवस्तु बोध र प्रश्नोत्तर | १५.१ श्रुतिलेखन<br>१५.२ प्रश्नोत्तर र भाव वर्णन<br>१५.३ सार लेखन<br>१५.४ सन्देश लेखन<br>१५.५ संरचनाको अनुकरण<br>१५.६ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १५. लयात्मक शब्दको पहिचान र प्रयोग | १५.१ वाक्य संश्लेषण र विश्लेषणको पहिचान र प्रयोग<br>१५.२ समस्त शब्दको पहिचान र प्रयोग<br>१५.३ वर्णविन्यासको पहिचान र प्रयोग | परिकल्पना | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | व्याख्या<br>१५.७ स्थानीय अथवा लोक गीत श्रवण र प्रस्तुति | | | | (पदयोग) | | |
| १६ | व्यावहारिक लेखन<br>(सम्मान पत्र) | १६.१ सुनाइ र संरचना पहिचान<br>१६.२ ढाँचा र शैली अनुकरण<br>१६.३ विषयवस्तुको मौखिक प्रस्तुति र अन्तरक्रिया<br>१६.४ सञ्चार तथा अभिव्यक्तिका क्रममा स्वाभाविक भाषाशैलीको उपयोग<br>१६.५ छलफल र प्रश्नोत्तर | १६.१ समयबद्ध पठन<br>१६.२ मौन पठन र छलफल<br>१६.३ संरचना, ढाँचा र शैली पहिचान<br>१६.४ पाठको विषयवस्तु बोध<br>१६.५ सन्देश ग्रहण<br>१६.६ प्रश्नोत्तर | १६.१ प्रश्नोत्तर<br>१६.२ प्रश्न निर्माण<br>१६.३ लेखन ढाँचा र शैली अनुकरण<br>१६.४ प्रत्युत्तर लेखन<br>१६.५ सन्दर्भ, परिवेशका आधारमा सन्देशमूलक पाठ रचना | १६.१अनुकरणात्मक शब्दको पहिचान र प्रयोग | १६.१ भाव वा अर्थको पहिचान र प्रयोग<br>(क) सामान्यार्थ<br>(ख) आज्ञार्थ<br>(ग) सम्भावनार्थ<br>(घ) इच्छार्थ<br>(ङ) सङ्केतार्थ<br>१६.२ वर्णविन्यासको पहिचान र प्रयोग (पदवियोग) | सावधानी | ९ |
| १७ | कथा<br>(सामाजिक) | १७.१ सुनाइ र अन्तरक्रिया<br>१७.२ विषयवस्तुका आधारमा धारणा निर्माण र प्रस्तुति<br>१७.३ प्रश्नोत्तर, छलफल, कथाकथन र घटना वर्णन<br>१७.४ अनुमान, कल्पना र निष्कर्ष | १७.१समयबद्ध सस्वर पठन<br>१७.२ मौन पठन र छलफल<br>१७.३ संरचना, पात्र, परिवेश र घटना पहिचान<br>१७.४ पाठको विषयवस्तु बोध<br>१७.५ विषयवस्तुमा | १७.१ पात्र पहिचान र तुलना<br>१७.२ घटनाक्रम मिलान<br>१७.३ सार लेखन<br>१७.४ प्रश्नोत्तर र व्याख्या<br>१७.५ अनुच्छेद रचना<br>१७.६ कथापूरण एवम्<br>अनुकरणात्मक कथा लेखन | १७. पद तथा पदावलीको पहिचान र प्रयोग | १७.१ वाच्य परिवर्तनको पहिचान र प्रयोग<br>(क) कर्तृवाच्य<br>(ख) कर्मवाच्य<br>(ग) भाववाच्य<br>१७.२ वर्णविन्यासको पहिचान र | समालोचनात्मक सोच | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | आधारित प्रश्न निर्माण र उत्तर पहिचान | १७.७ तार्किक र समीक्षा लेखन<br>१७.८ पौराणिक कथा सङ्कलन र लेखन | | प्रयोग (र का विभिन्न रूपको प्रयोग) | | |

## ४ (ग) **विषयवस्तुको क्षेत्र क्रम र विस्तृतीकरण** (कक्षा ८)

| **क्र.स.** | **क्षेत्र** | **भाषिक सिप** | | | **भाषिक पुनरुत्पादन** | | | **कार्य घण्टा** |
|---|---|---|---|---|---|---|---|---|
| | **विधा तथा विषयवस्तु** | **सुनाइ तथा बोलाइ** | **पढाइ** | **लेखाइ** | **शब्दभण्डार** | **भाषिक संरचना र वर्णविन्यास** | **भाषिक प्रकार्य** | |
| १. | गीति कविता ( देशभक्ति/श्रम ) | १.१ सुनाइ र विषयवस्तुका बारेमा धारणा निर्माण र अन्तरक्रिया<br>१.२ छलफल र प्रश्नोत्तर<br>१.३ विषयवस्तुमा आधारित छलफल, प्रश्न निर्माण र उत्तर प्रस्तुति<br>१.४ विषयवस्तुको मौखिक पुनर्कथन | १.१ लयबद्ध पठन<br>१.२ संरचना पहिचान<br>१.३ सन्दर्भ बोध<br>१.४ पाठको विषयवस्तु बोध र प्रश्नोत्तर | १.१ श्रुतिलेखन<br>१.२ गद्यमा रूपान्तरण<br>१.३ प्रश्नोत्तर र भाव वर्णन<br>१.४ संरचनाको अनुकरण<br>१.५ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १.१ लयात्मक शब्दको पहिचान र प्रयोग | १.१ नाम शब्दको पहिचान र प्रयोग<br>१.२ सर्वनाम शब्दको पहिचान र प्रयोग<br>१.३ नाम र सर्वनामबिचको सङ्गति<br>१.४ नाम र सर्वनामको क्रियापदसँगको सङ्गति<br>१.५ वर्णविन्यासको पहिचान र प्रयोग<br>ह्रस्व इकार (शब्दको सुरु, बिच र अन्त्यमा) | सामर्थ्य | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | कथा (ऐतिहासिक) | २.१ सुनाइ तथा परिवेश र सिलसिला पहिचान<br>२.२ विषयवस्तुको सिलसिलाबद्ध प्रस्तुति<br>२.३ विचार निर्माण, छलफल र प्रश्नोत्तर<br>२.४ कथाकथन वा घटनावर्णन<br>२.५ कल्पनामा आधारित अनुमान | २.१ समयबद्ध सस्वर पठन<br>२.२ मौन पठन र प्रश्नोत्तर<br>२.३ संरचना, पात्र र घटना पहिचान<br>२.४ पाठको विषयवस्तु बोध र प्रश्नोत्तर | २.१ चरित्र वर्णन र तुलना<br>२.२ घटनाक्रम टिपोट र मिलान<br>२.३ सार लेखन<br>२.४ प्रश्नोत्तर, व्याख्या<br>२.५ समीक्षा लेखन<br>२.६ श्रुतिलेखन तथा अनुच्छेद रचना<br>२.७ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | २.१ पर्यायवाची शब्दको पहिचान र प्रयोग | २.१ विशेषण शब्दको पहिचान र प्रयोग<br>२.२ भेदक र भेद्यबिच सङ्गति<br>२.३ विशेषण र विशेष्यबिच सङ्गति<br>२.४ सामान्य, प्रेरणार्थक र नाम धातुको पहिचान र प्रयोग<br>२.५ समापक र असमापक क्रियाको पहिचान र प्रयोग<br>२.६ वर्णविन्यासको पहिचान र प्रयोग<br>दीर्घ इकार (शब्दको सुरु, बिच र अन्त्यमा) | सम्भावना | १० |
| ३ | जीवनी (राष्ट्रिय) | ३.१ सुनाइ र मुख्य विषयवस्तु पहिचान<br>३.२ संरचना र भाषाशैली पहिचान<br>४.३ घटनाक्रम पहिचान, धारणा निर्माण र प्रस्तुति<br>३.४ व्यक्तित्व वर्णन<br>३.५ छलफल, प्रश्नोत्तर तथा अनुमान | ३.१ समयबद्ध सस्वर पठन<br>३.२ मौन पठन र प्रश्नोत्तर<br>३.४ संरचना पहिचान<br>३.५ घटनाक्रम पहिचान<br>३.६ लक्ष्य निर्धारण र प्रस्तुति | ३.१ घटनाक्रम मिलान<br>३.२ व्यक्तिवृत्त लेखन<br>३.३ सार लेखन<br>३.४ प्रश्नोत्तर<br>३.५ व्यक्तिवृत्त लेखन<br>३.६ अनुकरणात्मक जीवनी लेखन<br>३.७ बुँदा टिपोट र सारांश लेखन<br>३.८ सम्बन्धित विधा वा | ३.१ विपरीतार्थी शब्दको पहिचान र प्रयोग | ३.१ पूर्णविराम, अल्पविराम, अर्धविराम, प्रश्न चिह्न, उद्गार चिह्न, योजक चिह्न, कोष्ठक चिह्न, निर्देश चिह्न<br>३.२ वर्णविन्यासको पहिचान र प्रयोग<br>ह्रस्व उकार (शब्दको सुरु, बिच र अन्त्यमा) | मूल्याङ्कन | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | विषयवस्तुमा आधारित स्वतन्त्र रचना | | | | |
| ४ | व्यावहारिक लेखन (व्यावसायिक चिठी) | ४.१ सुनाइ र संरचना एवम् शैली पहिचान<br>४.२ सुनाइ र विषयवस्तुमा आधारित प्रश्न निर्माण<br>४.३ छलफल र प्रश्नोत्तर<br>४.४ देखेका, सुनेका र अनुभवमा आधारित विषयवस्तुमा मौखिक वर्णन | ४.१ समयबद्ध सस्वर पठन<br>४.२ मौन पठन र प्रश्नोत्तर<br>४.३ ढाँचा र संरचना पहिचान<br>४.४ पाठको विषयवस्तु बोध तथा प्रश्नोत्तर<br>४.५ सन्देश ग्रहण र प्रतिक्रिया | ४.१ विषयको बुँदा टिपोट र सार प्रस्तुत<br>४.२ सन्दर्भ, परिवेश, आवश्यकता र औचित्यका आधारमा सन्देशमूलक पाठ रचना<br>४.३ प्रश्नोत्तर<br>४.४ प्रत्युत्तर लेखन | ४. समूहवाची र श्रुतिसमभिन्नार्थी शब्दको पहिचान र प्रयोग | ४.१ लिङ्ग, वचन, आदर र पुरुषका आधारमा कर्ता र क्रियापदको सङ्गति<br>४.२ वर्णविन्यासको पहिचान र प्रयोग<br>दीर्घ ऊकार (शब्दको सुरु, बिच र अन्त्यमा) | आश्चर्य | ९ |
| ५ | निबन्ध (निजात्मक) | ५.१ सुनाइ र संरचना पहिचान<br>५.२ विषयवस्तुको सार प्रस्तुति<br>५.३ छलफल र प्रश्नोत्तर<br>५.४ विषयवस्तु टिपोट र मौलिक प्रस्तुति<br>५.५ पाठसँग सम्बन्धित ज्ञान, स्मरण, अनुभव र अनुभूतिको वर्णन<br>५.६ कुनै पनि विषयमा निजात्मक अभिव्यक्ति, | ५.१ समयबद्ध सस्वर पठन<br>५.२ प्रश्नोत्तर<br>५.३ संरचना पहिचान<br>५.४ घटनाक्रम पहिचान<br>५.५ पाठको विषयवस्तु बोध<br>५.६ भाव ग्रहण | ५.१ विषयवस्तुको सार प्रस्तुति<br>५.२ प्रश्नोत्तर र व्याख्या<br>५.३ प्रश्न निर्माण र उत्तर लेखन<br>५.४ अनुच्छेद लेखन<br>५.५ सान्दर्भिक विषयवस्तुमा काल्पनिक लेखन<br>५.६ बुँदा टिपोट र सारांश लेखन | ५.१ समावेशक-समावेश्य शब्दको पहिचान र प्रयोग | ५.१ वर्तमान, भूत र भविष्यत कालको पहिचान र प्रयोग<br>५.२ वर्णविन्यासको पहिचान र प्रयोग<br>(ब/व/ओ) | कारण र प्रभाव | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | कल्पना वा सिर्जना | | ५.७ अनुच्छेदपूरण<br>५.८ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | | | | |
| ६ | कथा (सामाजिक) | ६.१ सुनाइ र सूचना तथा विषयवस्तु बोध<br>६.२ विषयवस्तुको मौखिक वर्णन र अन्तरक्रिया<br>६.३ छलफल तथा प्रश्नोत्तर<br>६.४ सन्दर्भ र परिवेश अनुकूल हुने गरी विचार निर्माण र अभिव्यक्ति<br>६.५ श्रुतिबोध र विचारको सङ्कथन | ६.१ समयबद्ध सस्वर पठन<br>६.२ मौन पठन र प्रश्नोत्तर<br>६.३ संरचना, परिवेश, पात्र र घटना पहिचान तथा चरित्र चित्रण<br>६.४ पाठको विषयवस्तु बोध<br>६.५ प्रश्न निर्माण र उत्तर पहिचान | ६.१ पात्र पहिचान र चरित्र तुलना<br>६.२ घटनाक्रम मिलान<br>६.३ सार लेखन<br>६.४ प्रश्नोत्तर र निर्दिष्ट पङ्क्तिको व्याख्या<br>६.५ तार्किक र समीक्षा लेखन<br>६.६ श्रुतिलेखन, अनुच्छेद रचना<br>६.७ अनुकरणात्मक कथा लेखन<br>६.८.सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | ६.१ अनुकरणात्मक शब्दको पहिचान र प्रयोग | ६.१ अपूर्ण पक्षको पहिचान र प्रयोग<br>६.२ द्वित्व शब्द पहिचान र प्रयोग<br>६.३ वर्णविन्यासको पहिचान र प्रयोग ( य/ए) | पश्चाताप | १० |
| ७ | संवाद | ७.१ सुनाइ र अन्तरक्रिया<br>७.२ विचार निर्माण र प्रस्तुति<br>७.३ छलफल र प्रश्नोत्तर<br>७.४ विषयवस्तुको सार | ७.१ समयबद्ध सस्वर पठन<br>७.२ मौन पठन र प्रश्नोत्तर<br>७.३ संरचना, पात्र र घटना पहिचान<br>७.४ पाठको विषयवस्तु | ७.१ पात्र पहिचान<br>७.२ परिवेश वर्णन<br>७.३ सार लेखन<br>७.४ श्रुतिलेखन<br>७.५ प्रश्नोत्तर, तार्किक | ७.१ अनेकार्थी शब्दको पहिचान र प्रयोग | ७.१ पूर्ण पक्षको पहिचान र प्रयोग<br>७.२ अज्ञात र अभ्यस्त पक्षको पहिचान र प्रयोग<br>७.३ वर्णविन्यासको पहिचान | उदाहरण सहितको पुष्ट्याई | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | प्रस्तुति<br>७.५ विषयवस्तुमा आधारित प्रश्न निर्माण र उत्तर पहिचान | बोध | लेखन र विषयवस्तुका आधारितमा व्याख्या<br>७.६ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | | र प्रयोग (ऋ/रि) | | |
| ८ | कविता<br>(सामाजिक) | ८.१ सुनाइ र भाषाशैली पहिचान<br>८.२ विषयक्षेत्रमा आधारित ज्ञान, स्मरण र अनुभवको वर्णन<br>८.३ तथ्य, मूल्य तथा विचार ग्रहण र प्रतिक्रिया<br>८.४ अनुमान, कल्पना र विषय वर्णन | ८.१ लयबद्ध पठन<br>८.२ ढाँचा र संरचना पहिचान<br>८.३ सन्दर्भ बोध<br>८.४ पाठको विषयवस्तु बोध<br>८.५ सन्दर्भ सामग्रीको प्रयोगबाट अन्य पद्य कविता वाचन | ८.१ श्रुति लेखन<br>८.२ गद्यमा रूपान्तरण<br>८.३ प्रश्नोत्तर र भाव वर्णन<br>८.४ सार लेखन<br>८.५ निर्धारित पङ्क्तिको भाव व्याख्या<br>८.६ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | ८.१ लघुतावाची शब्दको पहिचान र प्रयोग | ८.१ कारकको पहिचान र प्रयोग<br>(कर्ता, कर्म, करण, सम्प्रदान, अपादान, अधिकरण)<br>८.२ विभक्तिको पहिचान र प्रयोग<br>(ले, लाई, द्वारा, देखि, बाट, को/का/की, रो/रा/री, नो/ना/नी, मा)<br>८.३ वर्णविन्यासको पहिचान र प्रयोग (छ/क्ष) | सम्मान | १० |
| ९ | प्रबन्ध<br>(वाणिज्य) | ९.१. सुनाइ र विषयवस्तुका बारेमा मौखिक प्रतिक्रिया<br>९.२ छलफल र प्रश्नोत्तर<br>९.३ पाठगत सन्देश | ९.१समयबद्ध सस्वर पठन<br>९.२ संरचना पहिचान<br>९.३ सन्दर्भ बोध<br>९.४ पाठको विषयवस्तु बोध र प्रश्नोत्तर | ९.१ विषयवस्तुको सार लेखन<br>९.२ प्रश्नोत्तर<br>९.३ प्रश्न निर्माण र उत्तर लेखन | ९.१ प्राविधिक/ पारिभाषिक शब्दको पहिचान र प्रयोग | ९.१ शब्दवर्ग को पहिचान र प्रयोग<br>(क) क्रियायोगी (समयवाचक, स्थानवाचक, रीतिवाचक, | सुझाव | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अनुमान<br>९.४ कल्पनामा आधारित भई थप सन्दर्भ र विषय विस्तार<br>९.५ निर्धारित विषय वा सन्दर्भमा आधारित वर्णन | | ९.४ श्रुति लेखन तथा अनुच्छेद लेखन<br>९.५ सान्दर्भिक विषयक्षेत्रमा आधारित विश्लेषणात्मक लेखन<br>९.६ बुँदा टिपोट र सारांश लेखन<br>९.७ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | | परिमाणवाचक)<br>(ख) नामयोगी (समय, स्थान, रीति, दिशा, सहभाव)<br>९.२ वर्णविन्यासको पहिचान र प्रयोग (श,ष,स) | | |
| १० | मनोवाद | १०.१ सुनाइ र सन्दर्भ पहिचान<br>१०.२ विषयवस्तुका आधारमा विचार निर्माण र संवेगात्मक सचेततासहितको प्रस्तुति<br>१०.३ विषयवस्तुको सार प्रस्तुति<br>१०.४ छलफल र प्रश्नोत्तर<br>१०.५ मनोवादको विषयवस्तु चयन र प्रस्तुति | १०.१ समयबद्ध सस्वर पठन<br>१०.२ ढाँचा र संरचना पहिचान<br>१०.३ सार पहिचान<br>१०.४ पाठको विषयवस्तु बोध<br>१०.५ शैली अनुसरण | १०.१ मुख्य मुख्य विषयवस्तुको बुँदा टिपोट<br>१०.२ पाठको सार लेखन<br>१०.३ श्रुतिलेखन<br>१०.४ प्रश्नोत्तर<br>१०.५ निर्धारित शीर्षकमा मनोवाद लेखन | १०.१ पर्यायवाची र विपरीतार्थी शब्दको पहिचान र प्रयोग | १२.१ संयोजक (सापेक्ष र निरपेक्ष) को पहिचान र प्रयोग<br>१२.२ विस्मयादिबोधक (आश्चर्य, प्रशंसा, तिरस्कार, शोक) को पहिचान र प्रयोग<br>१२.३ निपातको पहिचान र प्रयोग<br>१०.४ वर्णविन्यासको पहिचान र प्रयोग (ग्यँ/ज्ञ) | समस्या को प्रस्तुति | ९ |
| ११ | कथा | ११.१ सुनाइ र संरचना | ११.१ समयबद्ध सस्वर | ११.१ पात्र पहिचान र | ११.१ अनेकार्थी शब्दको पहिचान | ११.१ वाक्य परिवर्तन | सोधपुछ | १० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | (बाल मनोविज्ञान) | पहिचान<br>११.२ शैली अनुकरण<br>११.३ संवेगात्मक प्रस्तुतिसहित मौखिक अन्तरक्रिया<br>११.४ सञ्चार तथा अभिव्यक्तिका क्रममा स्वाभाविक भाषाशैलीको उपयोग<br>११.५ छलफल र प्रश्नोत्तर<br>११.६ पात्र पहिचान चरित्र वर्णन | पठन<br>११.२ मौन पठन र प्रश्नोत्तर<br>११.३ संरचना पहिचान ६.४ पाठको विषयवस्तु बोध<br>११.५ सन्देश ग्रहण<br>११.६ प्रश्नोत्तर | तुलना<br>११.२ परिवेश वर्णन<br>११.३ सार लेखन<br>११.४ प्रश्नोत्तर र निर्धारित पङ्क्तिको व्याख्या<br>११.५ तार्किक र समीक्षात्मक लेखन<br>११.६ श्रुतिलेखन, अनुच्छेद रचना<br>११.७ कथापूरण<br>११.८ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | र प्रयोग | (क) लिङ्गका आधारमा वाक्य परिवर्तन<br>(ख) वचनका आधारमा वाक्य परिवर्तन<br>११.२ समस्त शब्दको पहिचान र प्रयोग<br>११.३ वर्णविन्यासको पहिचान र प्रयोग<br>(हलन्त, अजन्त) | | |
| १२ | जीवनी<br>(अन्तर्राष्ट्रिय) | १२.१ सुनाइ र मुख्य मुख्य विषय वा तथ्य बोध<br>१२.२ घटनाक्रम पहिचान र प्रस्तुति<br>१२.३. सुनाइ र व्यक्तिवृत्त वर्णन<br>१२.४ श्रुति विश्लेषण<br>१२.५ प्रश्नोत्तर, छलफल, अनुमान<br>१२.६ धारणा निर्माण र प्रस्तुति | १२.१ समयबद्ध सस्वर पठन<br>१२.२ मौन पठन र प्रश्नोत्तर<br>१२.३ संरचना पहिचान<br>१२.४ घटनाक्रम पहिचान<br>१२.५ प्रेरणा ग्रहण र लक्ष्य निर्धारण | १२.१ घटनाक्रम मिलान<br>१२.२ सार लेखन<br>१२.३ प्रश्नोत्तर<br>१२.४ अनुकरणात्मक जीवनी लेखन<br>१२.५ बुँदा टिपोट र सारांश लेखन<br>१२.६ व्यक्तिवृत्त लेखन<br>१२.७ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र | १२.प्राविधिक<br>/पारिभाषिक शब्दको पहिचान र प्रयोग | १२.१ पुरुषका आधारमा वाक्य परिवर्तन<br>१२.२ आदरका आधारमा वाक्य परिवर्तन<br>१२.३ उपसर्ग (अ, अन, अनु, अभि, उप, प्र, अव, उत्, बे, वि, बि, सह, गैर)<br>१२.४ वर्णविन्यासको पहिचान र प्रयोग ( चन्द्रबिन्दु) | इच्छा | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १२.७ कल्पनामा आधारित व्यक्तिवृत्त वर्णन | | रचना | | | | |
| १३ | कविता (प्रकृतिपरक) | १३.१ सुनाइ र प्रतिक्रिया<br>१३.२ लयबोध र ढाँचा पहिचान<br>१३.३ विषयवस्तुको सार प्रस्तुति<br>१३.४ छलफल र प्रश्नोत्तर<br>१३.५ विषयवस्तुमा आधारित अन्तरक्रिया<br>१३.६ सम्बन्धित विषयवस्तुको विस्तार | १३.१ लय र संरचना पहिचान<br>१३.२ भाव पहिचान र प्रश्नोत्तर<br>१३.३ पाठको विषयवस्तु बोध<br>१३.४ सन्देश पहिचान र टिपोट | १३.१ गद्य कविता सङ्कलन र लेखन<br>१३.२ विषयवस्तु विस्तार<br>१३.३ प्रश्नोत्तर र भाव विस्तार<br>१३.४ स्वानुभवका आधारमा धारणा निर्माण र लेखन<br>१३.५ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १३. सिङ्गो शब्दको पहिचान र प्रयोग | १३.१ करण र अकरण<br>१३.२ प्रेरणार्थक र अप्रेरणार्थक क्रियापदको पहिचान र प्रेरणार्थक क्रियापदमा परिवर्तन<br>१३.३ प्रत्यय (अक्कड, अत, अक, आलु, ईय, इलो, इक, औना, आवट, एली, ता, आहा)<br>१३.४ वर्णविन्यासको पहिचान र प्रयोग (शिरबिन्दु) | विनयशिलता | १० |
| १४ | दैनिकी | १४.१ सुनाइ र प्रतिक्रिया<br>१४.२ विषयवस्तुको सार प्रस्तुति<br>१४.३ छलफल र प्रश्नोत्तर<br>१४.४ स्वअनुभवका आधारमा आफ्नो संस्कृतिको पहिचान र प्रस्तुति<br>१४.५ मूल्यमान्यताको पहिचान र तार्किक प्रस्तुति | १४.१ आशय, सन्दर्भ र विषयवस्तुका आधारमा सस्वर पठन<br>१४.२ संरचना पहिचान<br>१४.३ घटनाक्रम पहिचान<br>१४.४ पाठको विषयवस्तु बोध र प्रश्नोत्तर<br>१४.५ घटना तथा सन्दर्भको सिलसिलाबद्ध प्रस्तुति | १४.१ घटनाक्रम मिलान<br>१४.२ सार लेखन<br>१४.३ श्रुतिलेखन<br>१४.४ प्रश्नोत्तर<br>१४.५ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १४.१ मौलिक र आगन्तुक शब्दको पहिचान र प्रयोग | १४.१ शब्दवर्ग, काल र पक्ष, लिङ्ग, वचन, पुरुष, आदर, करण/अकरण पुनरावृत्ति<br>१४.२ वर्णविन्यासको पहिचान र प्रयोग (पञ्चम वर्ण) | दैनिकी वर्णन | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५ | यात्रा वर्णन | १५.१ सुनाइ र विषयवस्तु बोध<br>१५.२ समान सन्दर्भ र क्षेत्रका आधारमा विषयवस्तुको तुलना<br>१५.३ विषयवस्तुको सार निर्माण र कथन<br>१५.४ छलफल र प्रश्नोत्तर<br>१५.५ विषयवस्तु टिपोट र प्रस्तुति<br>१५.६ विषयक्षेत्रमा आधारित ज्ञान र अनुभवको वर्णन | १५.१ समयबद्ध सस्वर पठन<br>१५.२ संरचना पहिचान<br>१५.३ सन्दर्भ बोध<br>१५.४ पाठको विषयवस्तु बोध प्रश्नोत्तर | १५.१ प्रश्नोत्तर<br>१५.२ आफूले गरेको भ्रमणको सिलसिलाबद्ध लेखन<br>१५.३ निर्दिष्ट शीर्षकका आधारमा विषयवस्तुको वर्णन | १५.१ पद तथा पदावलीको पहिचान र प्रयोग | १५.१ सरल, संयुक्त, मिश्र वाक्य पहिचान र प्रयोग<br>१५.२ वाक्य संश्लेषण र विश्लेषण<br>१५.३ वर्णविन्यासको पहिचान र प्रयोग<br>(पदयोग) | विषय विस्तार | ९ |
| १६ | व्यवहारिक लेखन<br>(सम्पादकलाई चिठी) | १६.१ सुनाइ र संरचना पहिचान<br>१६.२ ढाँचा र शैली अनुकरण<br>१६.३ विषयवस्तुको मौखिक प्रस्तुति र अन्तरक्रिया<br>१६.४ सञ्चार तथा अभिव्यक्तिका क्रममा स्वाभाविक भाषाशैलीको उपयोग<br>१६.५ छलफल र प्रश्नोत्तर | १६.१ समयबद्ध सस्वर पठन<br>१६.२ मौन पठन र छलफल<br>१६.३ संरचना पहिचान १६.४ पाठको विषयवस्तु बोध<br>१६.५ सन्देश ग्रहण<br>१६.६ प्रश्नोत्तर | १६.१ प्रश्नोत्तर<br>१६.२ प्रश्न निर्माण<br>१६.३ लेखन ढाँचा र शैली अनुकरण<br>१६.४ प्रत्युत्तर लेखन<br>१६.५ निर्देशनका आधारमा वाक्य परिवर्तन<br>१६.६ सन्दर्भ, परिवेश, आवश्यकता र औचित्यका आधारमा सन्देशमूलक पाठ रचना | १६.१अनुकरणात्मक शब्दको पहिचान र प्रयोग | १६.१ सामान्यार्थ<br>१६.२ आज्ञार्थ<br>१६.३ सम्भावनार्थ<br>१६.४ इच्छार्थ<br>१६.५ सङ्केतार्थ<br>१६.६ वर्णविन्यासको पहिचान र प्रयोग (पदवियोग) | निर्देशन | ९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १७ | कथा<br>(सामाजिक) | १७.१ सुनाइ र अन्तरक्रिया<br>१७.२ विषयवस्तुका आधारमा धारणा निर्माण र प्रस्तुति<br>१७.३ प्रश्नोत्तर, छलफल, कथाकथन र घटना वर्णन<br>१७.४ अनुमान, कल्पना र निष्कर्ष<br>१७.५ सन्दर्भ र परिवेशका आधारमा विषयवस्तुलाई भिन्न दृष्टिकोणबाट वर्णन | १७.१ गति वृद्धिका लागि समय निर्धारण गरी सस्वर पठन<br>१७.२ मौन पठन र छलफल<br>१७.३ संरचना, पात्र र घटना पहिचान<br>१७.४ पाठको विषयवस्तु बोध | १७.१ पात्र पहिचान र तुलना<br>१७.२ घटनाक्रम मिलान<br>१७.३ सार लेखन<br>१७.४ प्रश्नोत्तर<br>१७५६ तार्किक र समीक्षा लेखन<br>१७.७ श्रुतिलेखन, तथा अनुच्छेद रचना<br>१७.८ सम्बन्धित विधा वा विषयवस्तुमा आधारित स्वतन्त्र रचना | १७.१ सङ्क्षिप्त शब्दको पहिचान र प्रयोग | १७.१ वाच्य परिवर्तन<br>(क) कर्तृवाच्य<br>(ख) कर्मवाच्य<br>(ग) भाववाच्य<br>१७.२ वर्णविन्यासको पहिचान र प्रयोग (र का विभिन्न रूपको प्रयोग) | अनिच्छा | १० |

## ५. सिकाइ सहजीकरण प्रक्रिया

आधारभूत तह (कक्षा ६-८) का लागि निर्धारित सक्षमता र कक्षागत सिकाइ उपलब्धि हासिल गर्नका लागि शिक्षक र विद्यार्थीले विषयवस्तुमा आधारित भई गर्ने क्रियाकलाप सिकाइ सहजीकरण हो । भाषिक सिप र तिनमा आधारित प्रकार्यहरू भाषा सिकाइका मुख्य आधार हुन् । भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षण गरिन्छ । सिकाइ सहजीकरण प्रक्रिया विद्यार्थी केन्द्रित, व्यक्तिगत र सामूहिक अभ्यासमा आधारित तथा सान्दर्भिक र सिकाइका निम्ति सहयोगी हुनुपर्छ । शिक्षकले विद्यार्थीलाई प्रर्याप्त सिकाइ अवसर उपलब्ध गराई आवश्यकताअनुसार पृष्ठपोषण प्रदान गरी सिकाइमा सहजीकरण गर्नुपर्छ ।

सिकाइ सहजीकरण प्रक्रिया सिकाइ र मनोविज्ञानका निश्चित प्रक्रिया अनुसरण गर्ने एक प्रकारको कला हो । कक्षालाई सिकाइमुखी बनाउन र विद्यार्थीलाई भाषिक सिप सिकाइमा क्रियाशील बनाउन शिक्षकले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्छ । भाषाको सिकाइ प्रक्रियाको प्रभावकारिता सिकाइ सहजीकरण प्रक्रियामा निर्धारित हुन्छ । सिकाइ सहजीकरण प्रक्रिया छनोट गर्दा सक्षमता तथा सिकाइ उपलब्धिहरू, विषयवस्तुको स्वरूप, मनोविज्ञान, स्रोत साधनको उपलब्धता, विद्यालय वातावरण र सिकाइ सहजीकरण परिस्थिति, समय र विद्यार्थी सङ्ख्या, क्षमता र रुचि जस्ता पक्षमा ध्यान दिनुपर्छ । यसका लागि देहायबमोजिमका सिकाइ सहजीकरण प्रक्रिया अवलम्बन गर्नुपर्छ :

- सुनाइ र बोलाइ सिप विकासका लागि यसमा मौखिक अन्तरक्रिया, धारणा निर्माण र प्रस्तुति, सुनाइ र अभिव्यक्ति, सुनाइको तथ्य, प्रतिक्रिया, सञ्चार, संस्कृति, अनुभूति, घटना, कल्पनासँगको सम्बन्ध एवम् दृष्टि निर्माणसम्बद्ध क्रियाकलापमा जोड दिने
- पठन र बोध, लेखन अभ्यास, शब्दभण्डारको ज्ञान तथा प्रयोग र कार्यमूलक व्याकरणको पहिचान र प्रयोगलाई भाषिक क्रियाकलापमा समावेश गर्ने
- विद्यार्थीको व्यक्तिगत भिन्नता र सिकाइ क्षमताका आधारमा सिकाइलाई प्रोत्साहन गर्ने
- विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाई निरन्तर सिकाइमा जोड गर्ने
- विद्यार्थीको सहभागितामा योजना निर्माण, परियोजना कार्य, क्षेत्र भ्रमण, समस्या समाधान, खोजमूलक अध्ययन, प्रवर्तनमुखी शिक्षण पद्धतिलाई सिकाइ सहजीकरण विधिका रूपमा कार्यान्वयन गर्ने
- प्रयोगात्मक पक्षमा जोड दिई सिक्ने अवसर प्रदान गर्ने
- पठनपाठनमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार उपयोग गर्ने
- बालकेन्द्रित, सिकाइकेन्द्रित, अनुभवकेन्द्रित, उद्देश्यमूलक र विविधतामा आधारित सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्ने
- शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्ने
- सिकाइ सहजीकरण गर्दा आवश्यकतानुसार द्विभाषिक र बहुभाषिक सिकाइ सहजीकरणका क्रियाकलाप अवलम्बन गर्ने ।

भाषिक सिप, संरचना तथा शब्दभण्डारसम्बद्ध सिकाइ सहजीकरणका सन्दर्भमा विकासका लागि निम्नानुसारका क्रियाकलाप सञ्चालन गर्नुपर्दछ :

(क) **भाषिक सिप**

(अ) **सुनाइ र बोलाइ सिप** : यसअन्तर्गत वर्ण र वाक्य विभेदीकरण, लयबोध, श्रुतिरचना, श्रुतिबोध, सन्दर्भबोध, पाठको सुनाइका आधारमा प्रश्ननिर्माण, अनुमान, वस्तु वा घटना वर्णन, श्रुतिकथन, चित्रकथा वर्णन, विषयवस्तुको सार प्रस्तुति, सूचना ग्रहण र सन्देश प्रवाह, विचारको सङ्कथन, वक्तृता, दैनिकी, घटना तथा क्रियाकलाप वर्णन, वादविवाद, नाटकीकरण जस्ता क्रियाकलाप गराउनुपर्छ ।

(आ) **पढाइ सिप** : यसअन्तर्गत सस्वर र मौन पठन, पठन गतिको मापन, शब्दार्थ बोध तथा पठन बोधअन्तर्गत प्रश्नोत्तर, अनुमान, संरचना वर्णन, प्रश्नहरूको उत्पादन, घटना वर्णन र मिलान, सन्देश ग्रहण जस्ता क्रियाकलाप गराउनुपर्छ ।

(इ) **लेखाइ सिप** : यसअन्तर्गत अनुलेखन, श्रुतिलेखन, श्रुतिवर्णन, श्रुतिरचना, वस्तु तथा घटनाको वर्णन, यात्रा वर्णन, अनुभव वर्णन, बुँदा टिपोट, सारांश लेखन, पाठगत प्रश्नोत्तर लेखन, भावविस्तार, अनुच्छेद लेखन, निबन्ध/प्रबन्ध रचना, अनुकरणात्मक लेखन, तार्किक अभिव्यक्ति, वादविवाद, दैनिकी, वक्तृता, सिर्जनात्मक तथा स्वतन्त्र लेखन जस्ता क्रियाकलाप गराउनुपर्छ ।

(ख) **भाषिक संरचना र शब्दभण्डार**

यसअन्तर्गत शब्द तथा भाषिक संरचना पहिचान, शब्द उच्चारण, अर्थबोध र प्रयोगसँग सान्दर्भिक क्रियाकलाप गराउनुपर्छ । यससँग सम्बन्धित क्रियाकलाप गराउँदा पर्यायवाची र विपरीतार्थी शब्दबोध र प्रयोग, करण तथा अकरण शब्द निर्माण तथा प्रयोग, पदसङ्गतिका आधारमा शब्द निर्माण तथा प्रयोग, चिह्न, काल र विभक्तिको पहिचान र प्रयोगसँग सम्बन्धित क्रियाकलाप गराउनुपर्छ ।

उपयुक्त सिकाइ सहजीकरण गर्दा पहिलो तथा दोस्रोभाषी विद्यार्थीको सिकाइ गति, स्तर र भाषिक अभ्यासमा सहजताका लागि विभिन्न सान्दर्भिक विधिको छनोट तथा उपयोग गर्नुपर्छ । शिक्षकले आफ्नो शिक्षण कौशल प्रदर्शन गर्न, विद्यार्थीमा अपेक्षित सिप विकास गर्न र पाठ्यक्रमको सही कार्यान्वयन गर्न निम्नानुसारका सहजीकरण प्रक्रियाहरू पनि उपयोग गर्न सक्छन् :

(अ) **उदाहरण र प्रयोग** : यसअन्तर्गत पाठका विषयवस्तुबाट उदाहरण, प्रयोग र अभ्यासमा जोड दिनुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । यसमा मानक भाषाको प्रयोगमा आधारित भई नमुना प्रस्तुति, विद्यार्थीद्वारा सहअभ्यास, भाषाको स्वतन्त्र तथा सिर्जनशील प्रयोग जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि यसको प्रयोग गर्नुपर्छ । चित्र वा आकृति निर्माण, निर्देशित, व्यावहारिक लेखन वा स्वतन्त्र रचना, सस्वरवाचन तथा द्रुतपठन पनि यसअन्तर्गत उपयोग गर्न सकिन्छ ।

(आ) **भाषिक सम्प्रेषण र प्रकार्यको उपयोग** : यस सहजीकरण प्रक्रियालाई भाषिक सम्प्रेषण र प्रकार्य शिक्षणका लागि उपयोग गर्नुपर्छ । घरपरिवार, भ्रमण, खेलकुद, यातायात, चालचलन, अपरिचित परिवेश आदिमा भाषा प्रयोगको क्षमता विकास गर्न यसको प्रयोग गर्नुपर्छ ।

(इ) **प्रदर्शनसहितको शिक्षण** : यस सहजीकरण प्रक्रियामा विषयवस्तुसँग सम्बन्धित तस्बिर वा अन्य दृश्य सामग्री तथा श्रव्यदृश्य सामग्री प्रदर्शन, उच्चारणगत शैली अनुकरण, नयाँ शब्दको पहिचान र प्रयोग, विभिन्न सन्दर्भ र परिवेशमा आधारित भई विचार आदानप्रदान तथा प्रस्तुति, विषयवस्तुको वर्णन जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ ।

(ई) **सोधपुछ तथा प्रश्नोत्तर** : यस सहजीकरण प्रक्रियामा शीर्षक तथा सन्दर्भका आधारमा पूर्वानुमान, कथ्य भाषाको उपयोग, श्रव्यदृश्य सामग्रीको प्रयोग, कुराकानी, छलफल र निष्कर्ष जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यस विधिलाई सुनाइ तथा बोलाइ सिप सिकाइमा प्रयोग गर्नुपर्छ । यसमा नमुना प्रदर्शन र सहअभ्यास, तथ्य, तथ्याङ्क, पात्र, घटना, सन्दर्भ, परिवेश, अनुमानलगायतका विषयक्षेत्रमा आधारित प्रश्न र उत्तर निर्माण तथा प्रयोग, व्यक्तिगत तथा सामूहिक धारणा वा निष्कर्ष निर्माण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ ।

(उ) **अभिनय तथा नाटकीकरण** : यस सहजीकरण प्रक्रियामा योजना निर्माण (उद्घोषण, भूमिका अभिनय वा नाटकीकरण), विषयक्षेत्र, शीर्षक, नाटक, पात्र, घटनाको छनोट, व्यक्तिगत वा सामूहिक प्रस्तुति, भाषाशैलीको छनोट तथा उपयोग, छलफल, मूल्याङ्कन र पृष्ठपोषण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ ।

(ऊ) **स्वाध्ययन र छलफल :** यसअन्तर्गत सामग्री छनोट, अध्ययन, धारणा वा विचार निर्माण, सन्दर्भगत उपयोग जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई पढाइ, लेखाइ, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ । यसलाई स्वपठन, युगल पठन र समूह पठन गरी छलफल गर्नुपर्छ । यसका क्रममा कथा सुन्ने, भन्ने तथा लयात्मक शब्दबोध, पात्र, घटना, कार्यको बोध, सार निर्माण, पुनर्कथन, पात्र परिवर्तनबाट नयाँ पाठ निर्माणको अभ्यास गर्ने जस्ता भाषिक क्रियाकलाप गनुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ ।

(ऋ) **खोज, परियोजना तथा समस्या समाधान** : यसअन्तर्गत भाषिक तथा सञ्चारगत समस्या वा प्रश्नको प्रस्तुति, खोजकार्य वा तरिकाबारे छलफल, निर्देशित वा स्वतन्त्र रूपमा विद्यार्थीद्वारा खोज, स्थलगत अवलोकन र प्रस्तुति, छलफल र पृष्ठपोषण जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ ।

(ए) **श्रव्यवाच्यका आधारमा सिकाइ सहजीकरण** : यसमा व्यक्ति, जोडी, सानो समूह र बृहत् समूहमा सुनाइ र छलफल, नमुना वाचन र अनुकरण, तुलना, विश्लेषण, मूल्याङ्कन र निष्कर्षको मौखिक प्रस्तुतीकरण, जस्ता भाषिक क्रियाकलाप गर्नुपर्छ । यसलाई भाषा शिक्षणअन्तर्गत भाषिक सिप, शब्दभण्डार र अभिव्यक्तिको शिक्षणका लागि प्रयोग गर्नुपर्छ ।

भाषा शिक्षणको मूल अभिप्राय भाषिक व्यवहार सिकाउनु हो । सिकाइ क्रियाकलापमा शिक्षक सिकारु अन्तरक्रिया, समूह सिकाइ, सिकाइ मूल्याङ्कन, शिक्षक शिक्षक सहकार्य, शिक्षक समुदाय सहकार्य जस्ता प्रक्रियामा जोड दिनुपर्छ । भाषिक संरचनालाई पाठसँग जोडेर सहजीकरण क्रियाकलाप गराउनुपर्दछ । व्याकरण, शब्दभण्डार, वर्णविन्यास, लेख्य चिह्न प्रयोगको सिकाइ सहजीकरणलाई रचना र प्रयोगका माध्यमबाट शिक्षण गर्नु उपयुक्त हुन्छ ।

## ६. विद्यार्थी मूल्याङ्कन

सिकाइका क्रममा प्राप्त गरेका ज्ञान, सिप र अभिवृद्धिको लेखाजोखा गर्ने नियमित र निरन्तर प्रक्रिया नै विद्यार्थी मूल्याङ्कन हो । विद्यार्थी मूल्याङ्कन निर्माणात्मक र निर्णयात्मक दुवै उद्देश्यले गरिन्छ । विद्यार्थीको भाषिक क्षमतास्तर आकलन र भाषा सिकाइको प्रभावकारिता पहिल्याउन प्रयोग गरिने मुख्य साधन नै मूल्याङ्कन हो । शिक्षण सिकाइमा सुधार ल्याउने र कक्षोन्नति गर्ने उद्देश्यले निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन गरिन्छ । निर्माणात्मक मूल्याङ्कन सुधारात्मक वा रचनात्मक

हुन्छ । यसको मुख्य उद्देश्य विद्यार्थीका कमीकमजोरी समयमै पत्ता लगाई सिकाइमा सुधार ल्याउनु हो । त्यसैले आधारभूत तह (कक्षा ६ र ८) मा निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइ सुनिश्चित गरिन्छ ।

निर्माणात्मक मूल्याङ्कनमा कक्षाकार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य, व्यावहारिक परिवर्तनको अवलोकन, सिर्जनात्मक कार्य, कक्षा सहभागिता र सक्रियता, लिखित तथा मौखिक प्रश्नोत्तर, विद्यार्थीका कार्यको प्रदर्शन, घटनावृत्त अभिलेख, आत्ममूल्याङ्कन, हाजिरीजवाफ, उपलब्धि परीक्षा, सहपाठी मूल्याङ्कन, अभिभावक सम्पर्क, पोर्टफोलियो, अध्ययन भ्रमण, विद्युतीय सञ्चार माध्यममा प्राप्त सान्दर्भिक सामग्रीको खोजी र प्रस्तुति जस्ता साधनहरूको प्रयोग गर्न सकिन्छ । मूल्याङ्कनका क्रममा उद्देश्यमा उल्लिखित सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता सिप तथा भाषिक संरचना, शब्दभण्डार र अभिव्यक्ति पक्षको परीक्षण गर्नुपर्दछ । निर्माणात्मक मूल्याङ्कनमा प्रयोग गरिने साधनहरूबाट प्राप्त सूचनाहरूलाई अभिलेखीकरण गर्नुपर्दछ । कक्षा ६ र ८ मा निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजालाई आन्तरिक मूल्याङ्कनका रूपमा निर्णयात्मक प्रयोजनमा प्रयोग गरिने छ । यी कक्षाहरूमा आन्तरिक मूल्याङ्कनको भार ५० प्रतिशत कायम गरी बाँकी ५० प्रतिशत भारको परीक्षा सञ्चालन गरिने छ । परीक्षामा सोधिने प्रश्नहरूले सबै विषयक्षेत्रको प्रतिनिधित्व हुने गरी सिकाइ उपलब्धिका आधारमा विभिन्न तहका सिकाइ क्षमता परीक्षण गर्नसक्नु पर्छ । प्रयोगात्मक पक्षको मूल्याङ्कन निर्माणात्मक तरिकाले सञ्चालन गरी आन्तरिक मूल्याङ्कनको अङ्गका रूपमा समावेश गरिने छ । मूल्याङ्कन प्रक्रियाको विस्तृत ढाँचा निम्नानुसार रहने छ :

### ६.१ आन्तरिक मूल्याङ्कन

निर्माणात्मक मूल्याङ्कनको अङ्कको निश्चित भार आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ । यसका लागि निर्माणात्मक मूल्याङ्कनलाई अभिलेखीकरण गरी प्रत्येक विद्यार्थीको कार्यसञ्चयिका व्यवस्थित गरी राख्नु पर्छ । यस्तो अभिलेखका आधारमा निम्नलिखित पक्षमा तोकिएअनुसारको भारको अङ्क आन्तरिक मूल्याङ्कनका रूपमा समावेश गरिने छ ।

| क्रमसङ्ख्या | मूल्याङ्कनका क्षेत्र | भार |
|---|---|---|
| १. | सहभागिता | ४ |
| २. | सुनाइ तथा बोलाइ | १६ |
| ३. | पढाइ र लेखाइ | २० |
| ४. | त्रैमासिक परीक्षा | १० |

उल्लिखित तालिकाका नं. १ देखि ३ सम्मका क्षेत्रगत क्रियाकलाप नियमित सिकाइ सहजीकरणकै क्रममा गराउनुपर्छ । उक्त क्रियाकलापलाई निर्माणात्मक मूल्याङ्कनसँग अन्तरसम्बन्धित गरी त्यसको अभिलेख पनि राख्नुपर्ने छ । उक्त अभिलेखलाई नं ४ को क्रियाकलापसँगै निर्णयात्मक मूल्याङ्कनमा समेत उपयोग गर्नुपर्ने छ ।

| उपलब्धिस्तर | मापन स्केल | व्याख्या |
|---|---|---|
| कमजोर | १ | **१. सहभागिता**<br>(क) ७५ प्रतिशतभन्दा कम उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न व्यक्तिगत तथा सामूहिक रूपमा समेत प्रयास नगरेमा<br>**२. सुनाइ र बोलाइ**<br>दिइएका सुनाइ र बोलाइ क्रियाकलाप सुनेमा तर प्रतिक्रिया नजनाएमा<br>**३. पढाइ र लेखाइ**<br>दिइएका पढाइ र लेखाइसम्बद्ध केही क्रियाकलापमा मात्र सहभागिता जनाएमा |
| सामान्य | २ | **१. सहभागिता**<br>(क) ७५ प्रतिशतदेखि बढी तर ८० प्रतिशतभन्दा कम उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न व्यक्तिगत तथा समूह कार्यमा न्यून सहभागिता जनाएमा<br>**२. सुनाइ र बोलाइ**<br>दिइएका सुनाइ र बोलाइ क्रियाकलाप सुनेर त्यसका बारेमा सीमित प्रतिक्रिया व्यक्त गरेमा<br>**३. पढाइ र लेखाइ**<br>दिइएका पढाइ र लेखाइसम्बद्ध क्रियाकलापमा चालिसदेखि पचास प्रतिशत सहभागिता जनाएमा |
| राम्रो | ३ | **१. सहभागिता**<br>(क) ८० प्रतिशतदेखि बढी तर ८५ प्रतिशतभन्दा कम उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न समूह कार्यमा सक्रिय सहभागिता<br>**२. सुनाइ र बोलाइ**<br>दिइएका सुनाइ र बोलाइ क्रियाकलाप सुनेर त्यसका बारेमा सन्तोषजनक रूपमा प्रतिक्रिया<br>व्यक्त गरेमा<br>**३. पढाइ र लेखाइ**<br>दिइएका पढाइ र लेखाइसम्बद्ध क्रियाकलापमा पचासदेखि सत्तरी प्रतिशतसम्म सहभागिता जनाएमा |

| | | |
|---|---|---|
| उच्च | ४ | **१. सहभागिता**<br>(क) ८५ प्रतिशतदेखि बढी तर ९० प्रतिशतभन्दा कम उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न सामूहिक कार्यको नेतृत्व गरेमा<br>**२. सुनाइ र बोलाइ**<br>दिइएका सुनाइ र बोलाइ क्रियाकलाप सुनेर त्यसका बारेमा आशय र भावसहित प्रतिक्रिया व्यक्त गरेमा<br>**३. पढाइ र लेखाइ**<br>दिइएका पढाइ र लेखाइसम्बद्ध क्रियाकलापमा सत्तरीदेखि नब्बे प्रतिशतसम्म सहभागिता जनाएमा गरेमा |
| उत्कृष्ट | ५ | **१. सहभागिता**<br>(क) ९० प्रतिशतभन्दा बढी उपस्थिति<br>(ख) दिइएका कार्य सम्पादन गर्न सक्रियतासहित सामूहिक नेतृत्व र जिम्मेवारीपूर्वक कार्यसम्पादन गरेमा<br>**२. सुनाइ र बोलाइ**<br>दिइएका क्रियाकलाप सुनेर त्यसका बारेमा विषय विस्तारसहित प्रतिक्रिया व्यक्त गरेमा<br>**३. पढाइ र लेखाइ**<br>दिइएका पढाइ र लेखाइसम्बद्ध सबै क्रियाकलाप सफलतापूर्वक समयमा नै सम्पन्न गरेमा |

उल्लिखित कार्य गर्दा शिक्षकले निम्नानुसारका कार्य र तिनको विस्तृतीकरणलाई उपयोग गर्न सक्नुहुने छ :

| **१. सुनाइ, बोलाइ र लेखाइ** | | | |
|---|---|---|---|
| (क) | सुनाइ र लेखाइ | श्रुतिबोध/ लेखन | (क) ह्रस्व, दीर्घ, श/ष/स, ब/व, ए/य, ऋ/रि, छ/क्ष प्रयोग भएका पाठ्यपुस्तकभित्रका २४ ओटा शब्दका आधारमा श्रुतिबोध/लेखन |
| | | | (ख) ८० शब्दसम्मको कुनै एक अनुच्छेद (दृष्टांश) का आधारमा श्रुतिबोध/लेखन |
| (ख) | बोलाइ | मौखिक प्रतिक्रिया तथा वर्णन | कुनै सान्दर्भिक विषयवस्तु वा चित्र दिई मौखिक प्रतिक्रिया तथा वर्णन |
| २. **पढाइ** | | | |

| | | | |
|---|---|---|---|
| (क) | पठन अभ्यास | शब्दोच्चारण | (पाठमा प्रयुक्त नयाँ २४ ओटा शब्दको उच्चारण |
| | | सस्वरवाचन | पाठभित्रका ६० शब्दसम्मका गद्यांश वा लयबद्ध पाठका दुई श्लोक गति, यति मिलाई भावअनुसार सस्वर पठन |
| | | प्रवाह | तोकिएको समयमा गति, यति र हाउभाउसहित पाठ पठन |
| (ख) | पठनबोध | अनुमान | कुनै सान्दर्भिक विषयवस्तु वा चित्र दिई पूर्व, अनुमान र पश्च अनुमान |
| | | सूचना प्रयोग | तथ्य, तथ्याङ्क, मिति, पात्रलगायतका विषयवस्तुको उपयोग |
| | | छलफल तथा प्रश्नोत्तर | विषयवस्तुको बोध तथा अभिव्यक्तिका लागि प्रयोग |
| | | वर्णन | निर्धारित विषयवस्तुका आधारमा अभिव्यक्ति |
| | | सार निर्माण | विषयवस्तुको संश्लेषण |
| | | तुलना र परीक्षण | विषयवस्तुलाई स्वअनुभव तथा सिकाइका आधारमा मिले नमिलेको दाँज्न |
| | | विषय विस्तार | विषयवस्तुको विश्लेषण |
| ३. | **लेखाइ** | | |
| (क) | लेखन अभ्यास | अनुलेखन | मुद्रित तथा लिखित विषयवस्तु बान्की र हिज्जे मिलाई विषयवस्तुको पुन: लेखन |
| | | श्रुतिलेखन | विभिन्न माध्यमबाट विषयवस्तु सुनी बान्की र हिज्जे मिलाई विषयवस्तुको लेखन |
| | | निर्देशित लेखन | प्रश्न, बुँदा र निर्देशनमा आधारित क्रियाकलाप |
| | | स्वतन्त्र लेखन | स्वतन्त्र अभ्यास वा रचना |
| **जम्मा** | | | |

द्रष्टव्य : शब्दभण्डार र कार्यमूलक व्याकरणलाई चारैओटा भाषिक सिपसम्बद्ध क्रियाकलापसँग अन्तसम्बन्धित गराउनुपर्ने छ ।

**(क) मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइस्तर**

मुख्य सिकाइ उपलब्धि विद्यार्थीले हासिल गरेको सिकाइ स्तरको मूल्याङ्कनका लागि विद्यार्थीका कार्य तथा समस्या समाधानको अवलोकन, मौखिक तथा लिखित प्रश्नोत्तर, कक्षा तथा एकाइ परीक्षा, व्यवहार अवलोकनलगायतका तरिका प्रयोग गर्न सकिन्छ । यसका लागि रुजुसुची, श्रेणी मापन लगायतका व्यवहार अवलोकन फारम, विभिन्न तहका सिकाइ क्षमता मापन गर्ने प्रश्नहरू, व्यावहारिक समस्यालगायत कक्षा सहभागिता, कक्षा कार्य, गृहकार्य, परियोजना कार्य, प्रयोगात्मक कार्य आदिमा विद्यार्थीको सहभागिता र उपलब्धिका विषयमा शिक्षकको अभिलेख वा नोट आदि मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर मूल्याङ्कन गर्न प्रयोग हुनसक्ने साधनहरू हुन् । यस्तो मूल्याङ्कन विषयवस्तुको प्रत्येक क्षेत्र वा एकाइको सिकाइ पश्चात गरी सो क्षेत्र वा एकाइअन्तर्गतका मुख्य सिकाइ उपलब्धिमा विद्यार्थीको सिकाइ स्तर परीक्षण विभिन्न साधनहरूको प्रयोगबाट गर्नुपर्छ । यसरी सिकाइ उपलब्धि परीक्षण गर्दा विद्यार्थीले न्यूनतम सिकाइ स्तर हासिल गरेको नपाइएमा सुधारात्मक सिकाइको अवसर प्रदान गरी पुनः परीक्षण गरी न्यूनतम सिकाइस्तर सुनिश्चित गरी थप वा माथिल्लो स्तरको सिकाइको अवसर प्रदान गर्नु पर्दछ । पटकपटकको सुधारात्मक सिकाइ पश्चात पनि न्यूनतम स्तरको सिकाइ स्तर हासिल गर्न नसक्ने विद्यार्थीका लागि उपचारात्मक सिकाइको योजना निर्माण गरी त्यस्ता विद्यार्थीलाई सहयोग गर्नुपर्दछ ।

उल्लिखित मूल्याङ्कन तरिका तथा साधनमध्ये उपयुक्त तरिका तथा साधन प्रयोग गरी सहभागिताको स्तर, मुख्य प्रत्येक सिकाइ उपलब्धिमा विद्यार्थीको उपलब्धिको स्तर तथा प्रयोगात्मक/परियोजना कार्यको कार्यसम्पादन स्तरलाई निम्नअनुसार मापन गर्नु पर्दछ :

| उपलब्धिस्तर | मापन स्केल | उपलब्धिस्तरको सामान्य व्याख्या |
|---|---|---|
| कमजोर | १ | मुख्य सिकाइ उपलब्धि हासिल गर्न नसकेको, सबैजसो सिकाइ उपलब्धिका लागि सुधारात्मक सिकाइ आवश्यक |
| सामान्य | २ | केही मुख्य सिकाइ उपलब्धि हासिल गरेको, सुधारात्मक सिकाइ आवश्यक |
| राम्रो | ३ | अधिकांश मुख्य सिकाइ उपलब्धि हासिल गरेको, केही पक्षमा सुधारात्मक सिकाइ आवश्यक |
| उच्च | ४ | मुख्य सिकाइ उपलब्धि हासिल गरेको |
| उत्कृष्ट | ५ | मुख्य सिकाइ उपलब्धिमा माथिल्लो स्तरको उपलब्धि हासिल गरेको |

(ख) **आन्तरिकको अन्तिम प्राप्ताङ्क तालिका**

विद्यार्थीको त्रैमासिक परीक्षाका आधारमा प्राप्त प्राप्ताङ्क पाँच पाँच हुने गरी जम्मा दश पूर्णाङ्क हुने छ । यसलाई निम्नानुसार प्रस्तुत गर्नुपर्ने छ :

| क्र.स. | विद्यार्थीको नाम | सहभागिता (४) | सुनाइ र बोलाइ (१६) | पढाइ र लेखाइ २० | त्रैमासिक परीक्षा | | कुल जम्मा ५० | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | पहिलो (५) | दोस्रो (५) | जम्मा (१०) | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| | | | | | | | | |

**६.२ आवधिक मूल्याङ्कन**

निर्णयात्मक मूल्याङ्कनमा अन्तिम परीक्षाको भार ५० प्रतिशत हुने छ । प्रत्येक परीक्षामा प्रश्न सोध्दा शैक्षिक सत्रको सुरुदेखि पढाइ भएका सबै पाठहरूबाट समेटिएको हुनुपर्नेछ । यस विषयको परीक्षामा विशेष गरेर ज्ञान र बोध, प्रयोग र उच्च दक्षतामा आधारित हुने छन् । पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यअनुरूप विद्यार्थीहरूले ज्ञान, सिप, अभिवृत्ति प्राप्त गरे नगरेको मूल्याङ्कन गरी त्यसको आधारमा प्रमाणीकरण गरिन्छ । अन्तिम परीक्षाको प्रश्नपत्र पाठ्यक्रम विकास केन्द्रले तया गरेको विशिष्टीकरण तालिकालाई आधार मानी निर्माण गरिनुपर्छ ।

**(क) भाषिक सिप मूल्याङ्कन (पढाइ र लेखाइ)**

| क्र.स. | क्षेत्र (पढाइ र लेखाइ) | परीक्षण गर्ने पक्ष | अङ्कभार |
|---|---|---|---|
| १. | शब्दभण्डार | शब्दार्थ र शब्द पहिचान | ४ |
| | | वाक्यमा प्रयोग | २ |
| २. | वर्णविन्यास | शुद्धीकरण | ३ |
| ३. | भाषिक संरचना | शब्दवर्ग पहचान | २ |
| | | काल र भाव | २ |
| | | वाक्य परिवर्तन | ३ |
| ४. | बोध (दृष्टांश) | भाषिक संरचना पहिचान | ३ |
| | | विभिन्न विधाका गद्य सामग्री | ४ |
| ५. | निर्देशित रचना | कथा/जीवनी, चिठी/संवाद/ वादविवाद/ दैनिकी | ३ |

| | | | |
|---|---|---|---|
| ६. | बुँदा टिपोट र सारांश लेखन (दृष्टांश) | गद्य विधा | ४ |
| ७. | भावविस्तार | लयबद्ध, आख्यानात्मक, प्रबन्धात्मक/निबन्धात्मक, जीवनीपरक पाठका विशिष्ट पङ्क्ति | ३ |
| ८. | पाठगत बोध | सन्दर्भमा आधारित सङ्क्षिप्त उत्तरात्मक | ४ |
| | | तार्किक शिल्प/समस्या समाधान | ३ |
| | | सन्दर्भमा आधारित लामो उत्तरात्मक | ५ |
| ९. | स्वतन्त्र लेखन | निबन्ध | ५ |
| जम्मा | | | ५० |